# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## घोडाघोडी नगरपालिका
## कैलाली

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## घोडाघोडी नगरपालिका

## कैलाली

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

घोडाघोडी नगरपालिका

कैलाली

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८१

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ८०

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री प्रमुखज्यू ,

घोडाघोडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

कैलाली ।

१. **कैफियत सहितको राय —** हामीले घोडाघोडी नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू. २ करोड ९८ लाख ९० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रू. २ लाख ६९ हजार प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ६५ लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९७ लाख २७ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ३३ लाख ४३ हजार समेत रु.२ करोड ९६ लाख २१ हजार रहेको छ। घोडाघोडी नगरपालिकाको गतवर्ष सम्म रु. ४६ करोड ५८ लाख ६२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४९ करोड ५४ लाख ८३

हजार रहेको छ। घोडाघोडी नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने घोडाघोडी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी घोडाघोडी नगरपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)
नायब महालेखापरीक्षक

# घोडाघोडी नगरपालिका
# कैलाली

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७७ | १७० | २९८९० | ० | १२ | २६९ | ७७ | १५८ | २९६२१ | ६५५१ | १३३४३ | ९७२७ | ० | ० | २३०७० | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कैलाली | ४६५८६२ | ० | ० | ४६५८६२ | ० | २९६२१ | ४९५४८३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | विभिन्न दफाहरु | | २६९ |
| | चालु वर्षको जम्मा | | | २६९ |
| | कुल जम्मा | | | २६९ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ।

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १२ वडा रहेको छ भने क्षेत्रफल ३५४.४४ वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना २०७८ अनुसार ८६०३४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।२८ देखि २०८०।११।०२ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय — व्ययतर्फ रु. २ अर्ब ३७ करोड १० लाख ८७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| | आयतर्फ | | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | रकम | सि.नं | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ३९२६७३३१०.७६ | १ | चालु खर्च | ५३६०५९१४३.२३ | ५३६०५९१४३.२३ |
| | क) संचित कोष खाता | २८२६७३२९४.७२ | | २ | पूँजीगत खर्च | ३४६२९९९६२. | ३४६२९९९६२. |
| | ख) कार्यसंचालन कोष | ७२९४९०८४.८५ | | ३ | धरौटी फिर्ता | ५३७३८२४.६४ | ५३७३८२४.६४ |
| | ग) धरौटी खाता | १२८२७७३०.१९ | | ४ | कोष फिर्ता | १६६८८४५०. | १६६८८४५०. |
| | घ) स्थानीय तह विभाज्य कोष खाता | २४२२३२०१. | | ५ | मौज्दात | | ३०३५६२०२२.५५ |
| २ | राजस्व ( आन्तरिक आय) | | १७४३७१३१६.४९ | | क) संचित कोष मौज्दात | १९१६११६४८.९६ | |
| | क) आन्तरिक राजस्व | २९७०५१५६.८५ | | | ख) धरौट मौज्दात | १६२१३७४२.५५ | |
| | ख) राजस्व बाँडफाँड | १४४६६६१५९.६४ | | | ग) कोष खाताको मौज्दात | १७२९३३३४.०४ | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ६३७०१७४७३ | ६ | घ) स्थानीय तह विभाज्य कोष खाता | ७८४४३२९७ | |
| | क) वित्तिय समानीकरण अनुदान | १९१४७५०००. | | ७ | शसर्त अनुदान फिर्ता | ५००३९३६०.०२ | ५००३९३६०.०२ |
| | ख) सशर्त अनुदान | 397830500.00 | | 8 | अन्तर स्थानीय तहबाट प्राप्त | | २७५६३९३०१ |
| | ग) समपूरक अनुदान | ९२८९०००. | | | क) सामाजिक सुरक्षा | २७४७६००८२. | |
| | घ) विशेष अनुदान | ३८४२२९७३. | | | ख) पर्यटन पूर्वाधार विकास कार्यक्रम | ८७९२१९ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २९९४७९०४ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) वित्तिय समानीकरण अनुदान | १५४२६०००. | | | | | |
| | ख) विशेष अनुदान | ९४४०२१७. | | | | | |
| | ख) समपूरक अनुदान | ५०८१६८७. | | | | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | २७५६३९३०१ | | | | |
| | क) सामाजिक सुरक्षा | २७४७६००८२. | | | | | |
| | ख) पर्यटन पूर्वाधार विकास कार्यक्रम | ८७९२१९ | | | | | |
| ६ | विभिन्न कोषतर्फको आय | -३८९६७३००.८१ | -३८९६७३००.८१ | | | | |
| ७ | धरौटी आय | ८७५९८३७. | ८७५९८३७.०० | | | | |
| ८ | कर दाखिला गर्न बाँकी | १२६. | १२६.०० | | | | |
| ९ | विभाज्य कोषमा यस वर्ष प्राप्ति | ५४२२००९६. | ५४२२००९६. | | | | |
| | जम्मा | १५३३६६२०६३.४४ | १५३३६६२०६३.४४ | | जम्मा | १५३३६६२०६३.४४ | १५३३६६२०६३.४४ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रू.५,२३,२६,६६६.८१, पुँजीगत खातामा रू.६,९०,३१,९३३.७० समेत रू.१२१३५८६००.५१ मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

३ **कर दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १२६।०० देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ।

४ **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

६ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यबस्था छ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अबस्था छैन।यस सम्वन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छनः

· स्थानीय सरकार सञ्चालन ऐन, २२०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन अद्यावधिक गरेको पाईएन।

· बिभिन्न म ले प फा नं. का अतिरिक्त आन्तरिक नियन्त्रण सम्बन्धी प्रयोजनका लागि निर्धारण गरिएका म ले प फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५र म ले प फा नं. २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पुर्णरुपमा प्रयोगमा ल्याएको पाइएन।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन।

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस पूर्ण रुपमा लागू गरेको पाइएन।

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।

· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाइएन।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

· प्रचलित कानुन अनुसार लेखा समित गठन गरे पनि म ले प प्रतिबेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन।

· फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाइएन।

· सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन।

· सूचनाअधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाइएन।

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाइएन।

· विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन।

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिबेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिकरण नीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन।

· दिगो बिकास योजना (सन २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।

· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।

· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।

· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको पाइएन।

· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता त्रैमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।

· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन।

· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाइएन।

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राखु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यबस्थापनलाई प्रभाबकारी बनाउनु पर्दछ।

७ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १२३८३५५।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

८ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| एकीकृत सम्पती कर | ४००००००. | ३१७४७५४.९३ | ७९ |
|---|---|---|---|
| भुमिकर/मालपोत | ६००००००. | ४०६४४३१. | ६८ |
| वहाल कर | १६५००००. | २७४०११०.४३ | १६६ |
| वहाल विटौरी कर | २००००००. | ९९२४९५. | ५० |
| अन्य मनोरञ्जन कर | ११००००. | ५,०००.०० | ५ |
| व्यवसायले भुक्तानी गर्ने | ५५,०००.०० | २१३०००. | ३८७ |
| अन्य कर | ११०००००. | ९,०००.०० | १ |
| अन्य सेवा शुल्क तथा बिक्री | ११००००. | १५,०००.०० | १४ |
| नक्सापास दस्तुर | १६५०००. | १३५८७०९.५८ | ८२३ |
| सिफारिश दस्तुर | ६०५००००. | ६७१२५७७.०२ | १११ |
| नाता प्रमाणित दस्तुर | १२१०००. | १३८००३. | ११४ |
| अन्य दस्तुर | २५३०००. | ८७०५१६२.८९ | ३४४१ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५०००००. | १२३८३५५. | ५० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ११००००. | ६,५४५.०० | ६ |
| अन्य राजस्व | ११००००. | २७९७१५. | २५४ |
| बेरूजू | ११००००. | ५२,२९८.०० | ४८ |

| | | | |
|---|---|---|---|
| प्राकृतिक स्रोतको विक्रीबाट प्राप्त आय | ११०५५६००० | ५४२२००९६ | ४९ |
| **जम्मा** | १३,५०,००,०००।०० | ८,३९,२५,२५२.८५ | ६२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

९ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६१३५९४४२५ | ८,३९,२५,२५२.८५ | १३.७८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १३.७८ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१० **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१३,५०,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ८,३९,२५,२५२.८५ अर्थात अनुमानको ६२ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

११ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१२ **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | ३४,६२,९९,४२२.०० | २,८४,५०,५८६.०० | ६,०१,६३,४९५.०० | २५,७६,८५,३४१.०० | ११,५८,०३,३८७.०० |
| प्रतिशत | १०० | ८.२२ | १७.३७ | ७४.४१ | ३३.४४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.३४,६२,९९,४२२.०० निकासा भएकोमा प्रथम चौमासिकमा रु. २,८४,५०,५८६.००(८.२२ प्रतिशत) दोस्रो चौमासिकमा रु. ६,०१,६३,४९५.०० (१७.३७ प्रतिशत) र तेस्रो चौमासिकमा रु. २५,७६,८५,३४१.०० (७४.४१ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ११,५८,०३,३८७.००(३३.४४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१३ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु २९७०५१५६.८५राजस्व बाँडफाँड र अनुदानबाट रु.८१,५३,०४,५४२.९८ समेत रु.८४५००९६९९.८३आम्दानी भएकोमा चालु तर्फ रु ५३६०५९४६७.६१ र पूँजिगत तर्फ रु ३४६२९९९६२.०० समेत रु. ८८२३५९४२९.६१ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.३७ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.१,२७,०८,७१२.०० खर्च भएको छ जुन आन्तरिक आयको १४४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.७५ प्रतिशत चालु र ३९.२५ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५८०६२०००.०० | ४७१७७७०२.०० | ५.३५ |
| २ | पूर्वाधार विकास | ३६७०७४०००.०० | २७६५३५६९७.०० | ३१.३४ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास | ४५८६६७५००.०० | ३९२४६३२१०.६९ | ४४.४८ |
| ४ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | १६६९४०००.०० | १४०२४३८७.३९ | १.५९ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १९२३६७५००.०० | १५२१५७८९२.५३ | १७.२४ |
| **जम्मा** | | १०९२८६५०००. | ८८२३५८८८९.६१ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४४.४८ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १.५९ प्रतिशत रहेको छ। दिगो विकासका स्थानीय लक्ष्यहरु निर्धारण गरी सोहि अनुसार क्षेत्रगत बजेट विनियोजन हुनुपर्दछ।

१५ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३४६२९९९६२.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१६ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु.१ अर्ब ९ करोड २८ लाख ६५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२९ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

१७ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको

नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१८ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१९ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेनगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

२० **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका ४२ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको छन् भने ९ वटा सहकारी संस्थाहरु एकीकृत सूचना व्यवस्थापन प्रणालीमा (COPOMIS) विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२१ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने नकुहिने सिसाजन्य अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहोरमैलाको उपयुक्त व्यवस्थापन गरेको देखिएन। ल्याण्डफिल्ड साइड व्यवस्था गरी फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

२२ **शसर्त अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार

प्रदेश तर्फ रू ६ लाख ४८ हजार ५९२ फिर्ता गर्न बाँकी रहेको देखियो। नियमानुसार बाँकी रहेको अनुदान रकम सम्बन्धित तहको संचितकोष फिर्ता हुनु पर्दछ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता गर्नुपर्ने रकम | फिर्ता भएको | फिर्ता बाँकी |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त अनुदान-चालु | 346008500 | 317809735 | 28198765 | 28198765 | 0 |
| | शसर्त अनुदान-पुँजिगत | 51822000 | 30382742 | 21439258 | 21439258 | 0 |
| | **जम्मा** | | | **49638023** | **49638023** | 0 |
| | विशेष अनुदान-चालु | 11250000 | 10849474 | 400526 | 400526 | 0 |
| | विशेष अनुदान-पुँजिगत | 27172983 | 27172983 | 0 | 0 | 0 |
| | समपुरक अनुदान-पुँजिगत | 9289000 | 9289000 | 0 | 0 | 0 |
| प्रदेश सरकार | **समपुरक अनुदान** | **5081687** | **4433906** | 647781 | 0 | 647781 |
| | **विशेष अनुदान** | **9440127** | **9439316** | 811 | 0 | 811 |
| जम्मा | | | | 50687141 | 50038549 | 648592 |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४८,५९२ |

२३ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २० र यो वर्ष थप भएको १८ गरी कुल ३८ विवाद दर्ता भएकोमा १३ वटा मात्र फस्यौंट भई २५ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२४ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिकाकार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ ऐन ४ नियमावली ४५ कार्यविधि लगायत ७० कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले १० कानूनहरु निर्माण गरी स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२५ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण,

उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ४३८ कुल योजनामा वजेट विनियोजन गरेको छ।

| योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु. ५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु. ५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|
| ४३८ | ३१ | ८७ | ३२० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२६ **विपद व्यवस्थापन कोष -** विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात रु.१,०१,६४,४१५.२३ रहेकोमा कोषबाट यो बर्ष रु.७,००,६०५.०० खर्च भई रु.९४,६३,८१०.२३ मौज्दात रहेको छ। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ।

२७ **कार्य योजना -** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ।

२८ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १९८१७३००२.९६ | ७६८१४९४२.४५ | -१२१३५८०६०.५१ |
| चालु खर्च खाता | ३२५४०० | ५२३२६६६६.८१ | ५२००१२६६.८१ |
| पुँजीगत खर्च खाता | -६८८६७५४. | ६९०३१९३३.७ | ७५९१८६८७.७ |
| विविध खर्च खाता | ५८८५८५०.८१ | ५८८५८५०.८१ | ०. |
| विपद व्यवस्थापन खाता | १०१६४४१५.२३ | १०१६४४१५.२३ | ०. |
| स्थानीय विभाज्य कोष | ७८४४३२९७. | ७८४४३२९७. | ०. |
| धरौटी | १६२१३७४२.५५ | १६२१३७४२.५५ | ०. |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | १२४३०६८. | १२४३०६८. | ०. |
| जम्मा | ३०३५६२०२२.५५ | ३१०१२३९१६.५५ | ६५६१८९४. |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

२९ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार विभाज्य कोष बाहेक रु.३५७२७९०९१.९९ मौज्दात रहेकोमा यो वर्ष रु. ३६८४५०१०९.७६ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १११७१०१७.७७ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

३० **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२७,४७,६०,०८२।०० र पर्यटन पूर्वाधार विकास आयोजनाको रु.८,७९,२१९।००

समेत गरी रु.२७,५६,३९,३०१।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३१ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. ३४७७४११५१.२८ र यस वर्षको भुक्तानी रु. ३४७७४११५१.२८ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३९२६७३३१०.७६ | ७९३२४७६०१.४ | ८८२३५८८८९.६१ | ३०३५६२०२२.५५ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३९२६७३३१०.७६ | ११४०९८८७५२.६८ | १२३०१०००४०.८९ | ३०३५६२०२२.५५ |
| फरक | ०० | ३४७७४११५१.२८ | ३४७७४११५१.२८ | ०० |

३२ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुन शिर्षकबाट पुँजिगत शिर्षकमा पच्चिस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। ऐनको उल्लिखित व्यवस्थाले चालुबाट पुँजिगत तथा पुँजिगतबाट पुँजिगत शिर्षक मै रमान्तर गर्ने कल्पना गरेको देखिन्छ। यो वर्ष कार्यपालिकाले चालु तथा पुँजिगत शिर्षकका विभिन्न १२७ कार्यक्रममा रू ६ करोड ३९ लाख ५० हजार रकमान्तर गरेको देखीयो। जुन कूल बजेट रू १ अर्व ९ करोड २९ लाखको ६ प्रतिशत हुन जान्छ । यस मध्ये निम्नानुसार चालु शिर्षकबाट चालु शिर्षकमै रकमान्तर गरेको देखियो । तसर्थ चालु शिर्षकमा रकमान्तर गरेको कार्य नियम सम्मत नदेखिएकोले नियमित गर्नु पर्दछ ।

| क्र स | संशोधित शिर्षक | बजेट रकम |
|---|---|---|
| १ | ईसिडि शिक्षकहरुको नगरपालिकाबाट पारिश्रमिक | ९५००० |
| २ | अध्ययन अवलोकन भ्रमण पदाधिकारी | १८००००० |
| ३ | भैपरी आउने चालु खर्च वडा न १ | १००००० |
| ४ | भैपरी आउने चालु खर्च वडा न २ | १००००० |
| ५ | भैपरी आउने चालु खर्च वडा न ३ | १००००० |

| | | |
|---|---|---|
| ६ | आकस्मिक कोष वडा न ३ | ७३०००० |
| ७ | भैपरी आउने आकस्मिक कोष वडा न ४ | ७००००० |
| ८ | भैपरी आउने चालु खर्च वडा न ५ | १००००० |
| ९ | भैपरी आउने चालु खर्च वडा न ६ | १५०००० |
| १० | भैपरी आउने चालु खर्च वडा न ७ | १००००० |
| ११ | भैपरी आउने चालु खर्च वडा न ८ | १००००० |
| १२ | भैपरी आउने चालु खर्च वडा न ९ | २००००० |
| १३ | पानी र विजुली वडा न ९ | १६०००० |
| १४ | स्वास्थ्य शिवीर संचालन | २००००० |
| १५ | पानी तथा विजुली | ६०००० |
| १६ | पानी विजुली ईन्धन भैपरी आउने | ८२५००० |
| १७ | भैपरी आउने वडा न १२ | १८५००० |
| | जम्मा | ५७०५०००।०० |
| | अनियमित भएको | ५७,०५,००० |

३३ **राजश्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ। सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गर्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गत १२ वटा वडा कार्यालयबाट संकलित राजश्व ऐनले तोकेको अवधि भित्र दाखिला गरेको देखिदैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ।

३४ **सम्पत्ति तथा जिन्सी मालसामानको लगत** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। पालिकाले खरिद गरेका निम्नानुसार जिन्सी सामाग्रीहरूको स्फेशिफिकेशन र मुल्य नखुलाई दाखिला गरेको छ। यसरी स्फेशिफिकेशन र मुल्य नखुलाई कार्यालयमा दाखिला र हस्तान्तरण गर्दा जिन्सी सामाग्रीको दुरुपयोग हुने सम्भावना देखिन्छ। अत:

पालिकाले प्राप्त गरेका जिन्सी सामाग्रीहरू स्फेशिफिकेशन खुल्ने गरी सहायक जिन्सी खातामा समेत मुल्य खुलाई सोही बमोजिम हस्तान्तरण गर्नुपर्दछ ।

| मिति | दाखिलानं/हस्तान्तरण नं | स्पेसिफिकेसन | सामानको पहिचान नं | मोडल नं | आम्दानी | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | प्रतिएकाइको दर (अन्य खर्चको समेतका आधारमा) | जम्मापरल मूल्य |
| ०८/२९/२०७१ | D'२३ | | ६११२२२२००२ | | १ | १. | १. |
| ११/२५/२०७१ | D'२४ | | ६११२२२२००२ | | १ | ६९,०००.०० | ६९,०००.०० |
| ०३/१५/२०७२ | D'२५ | | ६११२२२२००२ | | १ | ८९,०००.०० | ८९,०००.०० |
| ०३/२३/२०७२ | D'२६ | | ६११२२२२००२ | | २ | ७६,१९९.०० | १५२,३९८.०० |
| ०३/०५/२०७३ | D'९ | | ६११२२२२००२ | | १ | ७०,०६०.०० | ७०,०६०.०० |

३५ **जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८(२) मा सामान्यतया एक वर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मुल्य पाँच हजार रूपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्ति खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्नेछ व्यवस्था छ। पालिकाले विभिन्न मितिमा खरिद गरिएका तपशिल बमोजिमका खर्च भएर नजाने जिन्सी सामाग्रीहरूलाई खर्च भएर जानेमा खातामा प्रविष्ट गरेको छ। अतः पालिकाले खर्च नभएर जाने अभिलेखमा दाखिला गरेको प्रतिवेदन पेश गर्नुपर्ने रू.

| दाखिला गरेको मिति | दाखिला / निकासा नं | सामाग्रीको नाम | स्टोरदाखिला (आम्दानी) | | |
|---|---|---|---|---|---|
| | | | परिमाण | दर | रकम |
| ०६/०६/२०७९ | D'४ | Samsung | १ | २६,५४८.६७ | २६,५४८.६७ |
| ०६/०६/२०७९ | D'४ | Oneplus | १ | ६६,३७१.६८ | ६६,३७१.६८ |
| ०७/२०/२०७९ | D'२५ | MI Redmi Note Pro | १ | ३५,०००.०० | ३५,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ०७/२२/२०७९ | D'२६ | मोवाईल | १ | ५३,०९७.३४ | ५३,०९७.३४ |
| ०८/२५/२०७९ | D'३९ | मोवाईल | १ | ४८,४९५.५८ | ४८,४९५.५८ |
| १०/०५/२०७९ | D'६५ | Realme 9pro/8/128 | १ | ३४,५१३.२७ | ३४,५१३.२७ |
| ०४/२९/२०७८ | D'२८ | 1 kvStabilizer | १ | १४,०००.०० | १४,०००.०० |
| १०/११/२०८० | D'५० | हेलोजिनलाईट | २ | ७,०००.०० | १४,०००.०० |
| जम्मा | | | | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९२,०२६.५४ |

३६ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (४) मा सरकारी रकम खर्च गर्दा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिका र घरधनी खडानन्द कंडेलबीच बीच मिति २०७९/०४/०१ गते देखि २०७९/०७/३० सम्म मासिक रू. ७५५००।- घरभाडा भुक्तानी गर्ने गर्ने गरी सम्झौता भएकोमा असोज महिनामा पालिका कार्यालय नयाँ भवनमा सरेको देखिन्छ । पालिकाले नियमानुसार असोज महिनासम्मको मात्र घरभाडा करकट्टी सहित रू. २०३८५०।- भुक्तानी गर्नुपर्नेमा करकट्टी सहित रू. ३९९९६३।- रकम भुक्तानी गरेकोले बढी भुक्तानी भएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९६,११३ |

३७ **घरभाडामा प्रयोग** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (४) मा सरकारी रकम खर्च गर्दा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिका र श्री बेगर खड्कबहादुर चौधरीसँग सम्झौता गरी घर भाडा वापत रु. ५९४००।०० भुक्तानी भएको छ । पालिकाले प्रयोजन विना घर भाडा लिई खर्च लेखेको देखिन्छ । यसरी कार्यालय प्रयोजन भन्दा अन्य कार्यको लागि घर भाडामा लिई भुक्तानी दिने नियमसम्मत नदेखिएकोले नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ५९,४०० |

३८ **विज्ञापन खर्च** - विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६क.को उपनियम (२) मासरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहितएजेन्सीको सेवा शुल्क खुल्ने बिलको

आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले तपशिलका विज्ञापन एजेन्सी मार्फत सूचना प्रकाशन गरेकोमा सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहितएजेन्सीको सेवा शुल्क खुल्ने विल विना विज्ञापन एजेन्सीले मात्र जारी गरेको विलको आधारमा भुक्तानी गरेको छ । पालिकाले नियमावलीको पालना गरी विज्ञापन खर्च गर्नुपर्दछ ।

| क्र.सं. | मिडिया/एजेन्सीको नाम | रकम |
|---|---|---|
| 1. | डल्फिन मल्टिमिडिया एण्ड कन्सल्टेन्सी प्रा.ली. | ३६१२९७ |
| 2. | आभास संचार कम्पनी प्रा.ली. | ११९६०० |
| 3. | पञ्चकोशी मिडिया एण्ड एड्भरटाजिङ प्रा.ली. | २१०६०० |
| जम्मा | | ६९१४९७ |

३९ **विविध तथा सभा संञ्चालन खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविधतर्फ (कार्यसञ्चालन तथा खाजा) पालिका र वडा कार्यालय समेतको रू. ४९७५०९१।— खर्चगरेकोछ।उक्त खर्च आन्तरिक आय रू. ८३९२५२५२।८५ को ६ प्रतिशत हुन जान्छ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रुपमा खर्च गर्ने व्यबस्था हुनु पर्दछ।

४० **अनुगमन मुल्याङ्कन भत्ता -** अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७७ को ७.१.५ मा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी कर्मचारी खटाउँदा बढीमा तीन जनाको टोली खटाउनु पर्ने व्यवस्था छ । पालिकाले एकैपटक ९ जनासम्म विषयविज्ञ नभएका र पालिकाबाट सवारी साधन र इन्धन सुविधा प्राप्त गरेका कर्मचारी तथा पदाधिकारीहरुलाई समेत अनुगमन भत्ता भुक्तानी गरेको छ । अत: निर्देशिका विपरित अनुगमन भत्ता वापत भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | नामथप | अनुगमन संख्या | दर | जम्मा | भुक्तानी(कर कट्टी सहित) |
|---|---|---|---|---|---|
| 1 | गुलियाकुमारी चौधरी | 7 | 1500 | 10200 | 8670 |
| 2 | दिपक कुमारआचार्य | 7 | 1500 | 10500 | 8925 |
| 3 | किशोर भट्ट | 6 | 1500 | 9600 | 8160 |
| 4 | नविन मल्ल | 6 | 1500 | 9600 | 8160 |
| 5 | त्रिलोकशाही | 6 | 1500 | 9600 | 8160 |

| | | | | | |
|---|---|---|---|---|---|
| 6 | विष्णुरुद्र न्यौपाने | 6 | 1500 | 9600 | 8160 |
| 7 | अर्जुनचौधरी | 6 | 1500 | 9600 | 8160 |
| 8 | निशा डगौरा | 6 | 1500 | 9600 | 8160 |
| 9 | महेश चौधरी | 6 | 1500 | 9600 | 8160 |
| 10 | महेश राजभट्ट | 2 | 1500 | 2400 | 2040 |
| 11 | ज्योतीशाहि | 6 | 1500 | 9600 | 8160 |
| 12 | प्रमोदचौधरी | 6 | 1500 | 9600 | 8160 |
| 13 | अस्मानराजी | 6 | 1500 | 9600 | 8160 |
| 14 | हरिश गडाल | 6 | 1500 | 9600 | 8160 |
| | | | | जम्मा | 109395 |

...... *(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाको आधारमा मिति २०८०।१।३० को निर्णयबाट रु. १६,५७५.०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०९,३९५ |

४१ **कार्यालय बाहिरकोलाई इन्धन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियममितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यतासमेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यालयबाहिरको संस्था, निकाय, पत्रकार र व्यक्तिलाई डिजेल तथा पेट्रोल वितरण गरी रू.१९३२६९०।- खर्च लेखेको छ । पालिकाले पेश गरेको विवरण अनुसार आफ्नो कार्यक्षेत्र भन्दा बाहिरको कार्यालय, निकाय, राजनीतिक पदाधिकारी, पत्रकार तथा संघ संस्थाको लागि बजेट खर्च गर्दा बजेटमा मितव्ययीता र प्रभावकारीता कायम भएको देखिदैन । पालिकाले यस प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने देखिन्छ । अत: असम्बन्धित व्यक्ति र संस्थालाई भएको खर्च नियमसम्मत नभएकोले नियमित गर्नुपर्ने रु.

| डिजेल | | पेट्रोल | | जम्मा रकम |
|---|---|---|---|---|
| लिटर | रकम | लिटर | रकम | |
| ७८४५ | १३३३६५० | ३३२८ | ५९९०४० | १९३२६९० |
| | | | अनियमित भएको | १९,३२,६९० |

४२ **ढुवानी कर** - आयकर ऐन, २०५८ को दफा ८८(५) बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले कर लगाउने व्यवस्था गरेको छ । पालिकाले वडा नं. ८ को वडा कार्यालयमा

माटो भर्ने कार्यको लागि ट्र्याक्टर भाडामा लिई रू.५५०००।- भुक्तानी गर्दा नियमानुसार १० प्रतिशत बहाल कर कट्टी गर्नुपर्ने नगरी भुक्तानी दिएकोले वहाल कर असुली गरी दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५०० |

४३ **विज्ञापनवापत बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (४) मा सरकारी रकम खर्च गर्दा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। विज्ञापन वापतको भुक्तानीमा अभि मिडिया इभेन्टस एण्ड स्पोर्टस प्रा.ली.लाई २८ सीसिको सुचना प्रकाश वापत ३५ सीसिको रु. १४०० प्रति सीसि को दरले रु.११०७४।०० बढी भुक्तानी दिएको छ ।अत: बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०७४ |

४४ **श्रेस्ता पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (४) मा सरकारी रकम खर्च गर्दा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गो. भौ.नं. ४४।२०७९।०७।२४ बाट विभिन्न ठेक्काहरुको आशयको सुचना प्रकाशन वापत साझा एड्भरटाडजिङ्ग एजेन्सीलाई रु. ३४५७१८।०० भुक्तानी भएको बैंङ्क नगदी कितावबाट देखिएकोमा लेखापरीक्षणको क्रममा श्रेस्ता भएन ।अत: श्रेस्ता तथा प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४५,७१८ |

४५ **बाल दिवश कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (४) मा सरकारी रकम खर्च गर्दा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले बाल दिवश कार्यक्रममा सहभागीहरू मध्येबाट प्रथम, द्बितीय र तृतीय पुरस्कार वापत ३ जनालाई रू.११०००।- भुक्तानी दिएकोमा वितरण भरपाई पेश भएको छैन । अतः पुरस्कार विवरणको भरपाई पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,००० |

४६ **जिन्सी सामाग्री खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ९९(५) कार्यालयको आवश्यकता भन्दा बढी हुने सम्पत्ति तथा जिन्सी मालसामान खरिद गर्नु नहुने व्यवस्था छ । जिन्सी अभिलेख अनुसार पालिका मातहत रहेका जिन्सी सामाग्रीको विवरण निम्नानुसार छ ।

| क्र.सं. | जिन्सी सामाग्रीको नाम | रकम |
|---|---|---|
| 1. | डेस्कटप कम्प्युटर | ५८९६८१२ |
| 2. | ल्यापटप | ८४२६३२२.९८ |
| 3. | मोवाईल | ३११८३५.१२ |
| 4. | मोटरसाईकल | ७७५७७६८ |
| 5. | साईकल | ५२४३०७ |

| | | |
|---|---|---|
| 6. | प्रिन्टर | ४०५७७९५ |
| 7. | एम्बुलेन्स | ९४४०००० |
| 8. | फर्निचर | ८९२५९७.६४ |
| 9. | टोटल स्टेशन | १३२२१०० |
| 10. | जेनेरेटर | १२६४४७० |
| 11. | प्रोजेक्टर | ६२३२७२ |
| 12. | स्कुटर | ६३६२०९.७४ |
| 13. | फ्रिज | ५७८२९४.७३ |
| 14. | जिप | ९४४०००० |
| जम्मा | | ५११७१७८४.२१ |

पालिकामा रहेका कर्मचारी तथा विषयगत शाखाको संख्या भन्दा बढी संख्यामा डेस्कटप कम्प्युटर, ल्यापटप, साईकल र प्रिन्टररहेको देखिन्छ । यसरी आवश्यकता भन्दा बढी मात्रामा जिन्सी सामाग्री खरिद गरी भण्डारण गरी राख्दा विग्रने र सामाग्रीको दुरुपयोग हुने सम्भावना देखिन्छ । अत: पालिकाले आवश्यकताको आधारमा जिन्सी सामाग्रीको खरिद तथा व्यवस्थापन गर्नुपर्दछ ।

४७ **सामुदायिक सिकाई केन्द्र -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमितरुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगतनिरिक्षण गरी वार्षिक साधारण सभा भएको, विद्यानबमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारणसभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको रलेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिककेन्द्रहरुलाई एकमुष्ट रु.२०००००।०० अनुदान उपलब्ध गराउनेउल्लेख छ। शैक्षिक पहुचमा सुनिश्चितता, अनौपचारी तथा वैकल्पिक शिक्षाकार्यक्रम अर्न्तगत सामुहिक सिकाई केन्द्र संचालन वापत निम्म शिकाईकेन्द्रलाईसंचालन अनुदान निकासा भएको देखियो। उक्त केन्द्रलनई निकासा भएको अनुदानको उपयोग रउपलब्धि खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अत: अनुदानउपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

| क्र.सं. | सिकाई केन्द्रको नाम | रकम |
|---|---|---|
| १ | सुखड सामुदायिक सिकाई केन्द्र | २०००००।०० |
| जम्मा | | २०००००।०० |

४८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले

स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिने व्यवस्था कायम रहेको देखियो ।कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय गरेको देखियो । पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष १२ वडाहरुमा सुचिकृत २३६४ बेरोजगारी मध्ये १९५ ले यस कार्यक्रमबाट रोजगारी प्राप्त गरेको देखिएको छ । जसअनुसाबर ८ प्रतिशतले रोजगार प्राप्त गरेको देखियो । साथैयो वर्ष प्रति व्यक्ति औसत रू ५६६५८।०० को रोजगारी आय प्राप्त भएको अवस्था छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमानहर निर्माण,सडक मर्मत, पर्खाल निर्माण जस्ता योजनामा रु. ११०४८३९६।-खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । अत्यन्तै थोरै संख्यामा वर्षको करिव २० प्रतिशत अवधिको मात्र रोजगार उपलव्ध गराएर कार्यक्रमको सार्थकता हासित हुदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्दि हुने स्वरोजगारमुलक कार्यक्रमहरुमा केन्द्रित हुनु पर्दछ ।

| वडा न | सुचिकृत बेरोजगार संख्या | रोजगार संख्या | रोजगारी प्राप्त गरेको दिन | प्रति व्यक्ति रोगजार प्राप्त दिन | कूल खर्च |
|---|---|---|---|---|---|
| १ | २६१ | २० | ९९.५ | ९९.५ | ११४८८०७ |
| २ | १०३ | ११ | १०० | १०० | ६३४७०० |
| ३ | २६१ | २७ | ९७.६३ | ९७.६३ | १५२०९७२ |
| ४ | २७३ | २० | ९५.८५ | ९५.८५ | ११०६१०९ |
| ५ | ३७४ | २८ | १०० | १०० | १६१५६०० |
| ६ | ९९ | ११ | ८८.३६ | ८८.३६ | ५६०८४४ |
| ७ | १५४ | १२ | १०० | १०० | ६९२४०० |
| ८ | १५२ | १२ | ९९.४१७ | ९९.४१७ | ६८८६१ |
| ९ | ७६ | ११ | ९४.४५ | ९४.४५ | ५९९५०३ |
| १० | १०१ | ११ | १०० | १०० | ६३४७०० |
| ११ | २८३ | २० | १०० | १०० | ११५४००० |
| १२ | १२७ | १२ | १०० | १०० | ६९२४०० |
| जम्मा | २३६४ | १९५ | ९७.९४ | ११०४८३९६ | ११०४८३९६ |

४९ **विद्यार्थी संख्याको सत्यापन** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० ले तय गरेका कार्यक्रमहरुजस्तैः विद्यार्थी छात्रवृत्ती, दिवा खाजा, सेनिटरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परिक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या एकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यपन गराई विद्यार्थी संख्या एकिन गर्नु पर्दछ। यस पालिकाले सत्यपन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ।यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर IEMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकले विद्यार्थी संख्यालाई आधार मानि दिइने अनुदानमा त्यस्तो अनुदान दिन पूर्व अनिवार्यरुपमा सत्यपान गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ।

५० **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नम्बर २.७.१३.५० माप्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाकालागि विद्यालयलाई अनुदान कार्यक्रम अर्न्तगत विद्यालयलाई अनुदान निकासा पश्चातअनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष ५० वटा विद्यालयलाई जम्मा रु.६४,६७,५५०।००निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदनपेश भएको पाईएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना हुनुपर्दछ।

५१ **मृतकको खाता भत्ता निकासा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने व्यवस्था छ। पालिकाले विभिन्न वडाको लाभग्राहीहरुका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागि रकम निकासा गरेकोमा बैंकले बुझाएको भरपाईमा मृत्यु भइसकेका देहायका व्यक्तिहरुको खातामा समेत नगद जम्मा गरेको पाइयो। पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरुको विवरण अपडेट गरि मृत्यु भएका व्यक्तिहरुको लगतकट्टा गरि बैंकलाई रकम जम्मा गर्न आवश्यक रकम निकासा गर्नुपर्नेमा मृत्यू भएका व्यक्तिहरुको खातामा निकासा भएको रकम असुल हुनुपर्दछ।

| क्र.सं. | नाम | वडा न. | परिचय पत्र नम्वर | वढी भुक्तानी भएको रकम रु. |
|---|---|---|---|---|
| १ | Dulari Devi Dagaura | 4 | 2002100102718 | 2934 |
| २ | Palturam Chaudhary | 4 | 1996123115345 | 7997 |
| ३ | Prabhate Rawal | 4 | 2008080601546 | 4800 |
| ४ | Dohan Prasad Chaudhary | 4 | 1988123052958 | 10666 |
| ५ | Saru Damai | 4 | 2016020502369 | 6650 |
| ६ | Risiya Chaudhary | 4 | 1990123085889 | 2933 |
| ७ | Kausila Jisi | 4 | 2000123200709 | 6133 |

| | | | | |
|---|---|---|---|---|
| ८ | Bani Devi Budha | 4 | 2006123080223 | 11867 |
| ९ | Indra Singh Bhatta | 1 | 1995123134348 | 4400 |
| ११ | Tula Ram Khanal | 1 | 1999123156244 | 7200 |
| १२ | man bahadur chaudhary | १ | 2036070100989 | 7182 |
| १३ | Ammar Bist | 1 | 2001123160596 | 1734 |
| १४ | Rangmal Giri | 1 | 1986123033234 | 4266 |
| १५ | Chandra Man Bohara | 1 | 1989123051185 | 8400 |
| १६ | Purnima Chaudhary | 1 | 2065032300106 | 3591 |
| १७ | Tulasi Kshetri | 1 | 2007011004978 | 5333 |
| १८ | Rewati Khatri | 1 | 2003020502045 | 7200 |
| १९ | Devisara Jaishi | 1 | 1993123149978 | 10933 |
| २० | Krishna Chaudhary | 1 | 2036030400149 | 866 |
| २१ | Sochiriya Tharuni | 2 | 1998123164196 | 6666 |
| २२ | Rabi Karki | 2 | 2007112003366 | 4666 |
| २३ | Diya Kami | 2 | 2017011506062 | 7891 |
| २४ | Sagu Ram Dangaura | 5 | 2004123123358 | 2934 |
| २५ | Chndra Kunwar | 5 | 2009010700572 | 1467 |
| २६ | Kuri Devi Dhami | 5 | 2020041001765 | 5675 |
| २७ | lawari dangaura | 5 | 2005091506011 | 4000 |
| २८ | Chandra Bahadur Bist | 5 | 1988120200162 | 3466 |
| २९ | Kukuri Devi Chaudhary | 5 | 1999123158554 | 6666 |
| ३० | Jagesor Dangaura | 7 | 1993123087434 | 2667 |

| | | | | |
|---|---|---|---|---|
| ३१ | Phuliya Dangaura | 7 | 2021010500597 | 1241 |
| ३२ | Maghi Dangaura Tharuni | 12 | 2002123147765 | 3600 |
| ३३ | Sundari Dangaura Tharu | 12 | 2005123088129 | 3333 |
| ३४ | Binda Dhami | 12 | 2026012500752 | 2226 |
| ३५ | lauti devi chaudhari | 12 | 2027012400454 | 1862 |
| ३६ | Sukani Tharu | 12 | 2002123147807 | 2400 |
| ३७ | Chandra Bali Kathariya Tharu | 12 | 2027123010713 | 1774 |
| ३८ | Bhikhu Ram Da.Tharu | 11 | 1984123026837 | 1200 |
| ३९ | Sag Ram Chaudhary | 11 | 2000123202531 | 5600 |
| ४० | Budhani Devi Dangaura Tharu | 11 | 2002123133443 | 5066 |
| ४१ | Lirahi Dangaura Tharu | 11 | 1983123019065 | 3066 |
| ४२ | Mainamati Dagaura | 11 | 2009123139049 | 4667 |
| ४३ | Lautan Dangaura Tharu | 11 | 2001010601348 | 10933 |
| ४४ | Reshmi Daguara Tharu | 11 | 2002123208658 | 5867 |
| ४५ | Mana Devi Saud | 6 | 1989123050992 | 5866 |
| ४६ | Indra Devi Kunwar | 6 | 2012123047816 | 3900 |
| ४७ | Thuma Saud | 6 | 1989123051008 | 2667 |
| ४८ | Badhuram Dangaura Tharu | 6 | 2003110201227 | 6800 |
| ४९ | Gopilal Joshi | 9 | 2027031201545 | 4114 |
| ५० | Rismali Chaudhary | 9 | 2002123133807 | 4000 |
| ५१ | Tetri Dagaura tharu | 10 | 2006051101892 | 7066 |

| | | | | |
|---|---|---|---|---|
| ५२ | Dinkari Neupane | 10 | 2007123068853 | 9867 |
| ५३ | Bhokari Dangaura Tharu | 10 | 1994123110775 | 4000 |
| ५४ | Mandhari Rokaya | 10 | 1989123051065 | 6666 |
| ५५ | Saraswati Devi Bhatta | 10 | 2001123159846 | 3867 |
| ५६ | Dilli Budha | 10 | 1990123085517 | 1334 |
| ५७ | Lok Bahadur Khatri | 10 | 2003123096713 | 934 |
| ५८ | Kalasha Devi Baraila | 10 | 2000123201665 | 2934 |
| ५९ | Kalu Damai | 10 | 2001123155083 | 11733 |
| जम्मा | | | | 289766 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८९,७६६ |

५२ **दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण** - सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम १३ मा दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण गर्न नहुने व्यवस्था छ। नमुना परीक्षणको क्रममा निम्न व्यक्तिलाई दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइएकोले दोहोरो भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

| क.सं. | नाम | वडा नं. | परिचय पत्र नम्वर | दोहोरो भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | Debu Nepali | ८ | 2010010151386 | 40000 |
| २ | Maina Devi Shahi | १ | 2016021500818 | 31920 |
| ३ | bhukhali dangaura tharu | १२ | 2000050105491 | 12000 |
| ४ | Pare Saud | 6 | 2011121013325 | 12000 |
| ५ | Jaumati Kami | 6 | 2017020504512 | 7980 |
| ६ | Jaumati Kami | 6 | 2017020506095 | 7980 |
| ७ | Kalawati Joshi | 5 | 2022051600973 | 23940 |
| ८ | Deshram Chaudhary | 5 | 2011052101693 | 36000 |

| | | | | |
|---|---|---|---|---|
| ९ | Nandakaora Sawad | 5 | 2009110506202 | 12000 |
| १० | Dhani Devi Malla | 3 | 2011010141153 | 8000 |
| ११ | Jugram Dangaura | ३ | 2011022802479 | 4000 |
| १२ | Sudeshni Tharuni | ३ | 2009040504077 | 48000 |
| १३ | Parbati Devi Chaudhary | 2 | 2037102100245 | 23940 |
| जम्मा | | | | 267760 |
| | | | असुल गर्नुपर्ने | २,६७,७६० |

५३ **ग्राहक पहिचान विवरण (के वाइ सी) अद्यावधिक नभएको -** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने व्यवस्था छ । बैंकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि खाता अद्यावधिक भई सक्रिय र निष्कृय खाताको विवरण उपलब्ध गराएको छैन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैंकबाट सक्रिय र निष्कृय खाताको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

५४ **निष्क्रिय खाताको विवरण नभएको -** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएकोले लाभग्राहीको खातामा जम्मा भएको र निष्क्रिय खातामा रहेको रकम सम्बन्धमा एकिन हुन सकिएन।

५५ **सामाजिक सुरक्षा वितरण -** यस घोडाघोडी नगरपालिकाले यस आर्थिक वर्ष २०७९।०८० मा सामाजिक सुरक्षा भत्ता बापत विभिन्न १२ वटा बैंकबाट जम्मा रु. २७४८४७७६०।- वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:-

| सामाजिक सुरक्षा भत्ता पाउने समुह | कायम संङ्ख्या | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| अन्यजेष्ठ नागरिक भत्ता | १६०३५ | १५९३४ | १८७११०१८१ | ९२५०१९ |
| जेष्ठनागरिक भत्ता (दलित) | १६२१ | १६०६ | १२५५५३८७ | १०३७४० |
| जेष्ठनागरिक एकल महिला | १८७९ | १८७४ | १४८३९२२६ | ३१९२० |

| | | | | |
|---|---|---|---|---|
| विधवामहिला ( आर्थिक सहायता) | ४८४४ | ४८३० | ३८०६४३४६ | ५८७७७ |
| पूर्णअपाङ्गता भत्ता ( क वर्ग ) | ३९६ | ३९६ | ४६९१४४२ | ० |
| अतिअशक्त अपाङ्गता भत्ता ( ख वर्ग ) | १४३२ | १४२० | ८८६३७९४ | ५२७०३ |
| दलितबालबालिका | ३१४६ | ३०८१ | ४६१९९५८ | ७३५४० |
| लोपन्मुखजाति | ३३७ | ३३७ | ४०१७९३० | ० |
| **जम्मा** | २९६९० | २९४७८ | २७४७६२२६४ | १२४५६९९ |

५६ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिकचौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ६६०३ जना रहेका छन। पालिकाले भद्र पशुपति प्याड उद्योगबाट ९५००० थान स्यानिटरी प्याड रु.२९३८०००।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

५७ **अनुदान व्यवस्थापन -** अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालन रहेका र कुनै दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ को लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ।तर पालिकाले स्वीकृत दरबन्दी बेगर एंव दरबन्दी मिलान नगरि यस वर्ष निजी स्रोत शिक्षक तथा विद्यालय कर्मचारीहरुको लागि समानिकरण अनुदान स्रोतबाट रू.१,५०,८०,०००।०० तलब भत्ता भुक्तानी गरेको पाइयो।पालिकाले विद्यालय मर्ज तथा शिक्षक दरबन्दी मिलान गर्नुको साथै शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गरी विद्यार्थी चाप बढी भएको विद्यालयमा शिक्षक दरबन्दी माग गरि विद्यालयको शैक्षिक गुणस्तर कायम राख्ने तर्फ ध्यान दिनुपर्दछ।

| तह | संख्या | मासिक पारिश्रमिक | वार्षिक पारिश्रमिक |
|---|---|---|---|
| प्रा.वि. | २३ | १६००० | ४७८४००० |
| नि.मा.वि. | ३७ | १८००० | ८६५८००० |
| मा.वि. | ६ | २१००० | १६३८००० |

| | |
|---|---|
| जम्मा | १५०८००००।०० |

५८ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षककोपदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयननिर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षासमन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्नेविद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुदाँ नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागिविद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यसपालिका अर्न्तगत रहेका ५० सामुदायिक विद्यालयको प्राप्त विवरण अनुसार न्यून शिक्षकविद्यार्थी अनुपात भएका देहाएका रहेको छ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री राष्ट्रिय मा.वि. सुखड | २० | १४५१ | १:७३ |
| २ | विराट सनातन धर्म संस्कृति मा.वि. | ९ | २२३ | १:२५ |
| ३ | जनज्योती मा.वि.सुन्दरपुर | ९ | ५७१ | १:६३ |
| ४ | छडी मा.वि.बेलार | १० | ७२१ | १:७२ |
| ५ | कपिलमुनी आ.वि.लक्ष्मीपुर | ४ | १२१ | १:३० |
| ६ | कालिका प्रा.वि.सिङरुवा | ४ | ६४ | १:१६ |
| ७ | दशरथ नमूना मा.वि.साडेपानी | १९ | ११४२ | १:६० |
| ८ | चौडचाल आ.वि. शिरानगर | ७ | २७० | १:३९ |
| ९ | मालिका प्रा.वि.थुम्की | ४ | ११९ | १:३० |
| १० | मोहन्याल आ.वि. नारायणपुर | ८ | २०० | १:२५ |
| ११ | सरस्वती आधारभूत विद्यालय निम्दी | १० | २९१ | १:२९ |
| १२ | समैजी आधारभूत विद्यालय जुरपानी | ९ | २७७ | १:३१ |
| १३ | गङ्गरी आधारभूत विद्यालय बगुलिया | ७ | २३३ | १:३३ |
| १४ | सीताकुण्ड मा.वि.गणेशपुर | १७ | ७३४ | १:४३ |
| १५ | राष्ट्रिय मा.वि. रामपुर | १० | ६१४ | १:६१ |
| १६ | मेलघट्टी आ.वि.जनकपुर | ७ | ३३४ | १:४८ |
| १७ | घोडाघोडी आ.वि.भालुफाटा | ७ | १६५ | १:२४ |

| | | | | |
|---|---|---|---|---|
| १८ | जनज्योती आ.वि.सिम्थरी | ७ | २८१ | १:४० |
| १९ | नव प्रभात प्रा.वि.माघी | ४ | ९२ | १:२३ |
| २० | राष्ट्रिय लालीगुरास प्रा.वि.गैडाखेडा | ३ | ११९ | १:४० |
| २१ | राष्ट्रिय मा.वि. देउकलिया | १२ | ३९४ | १:३३ |
| २२ | जनता आधारभूत विद्यालय सरैया | ७ | २७३ | १:३९ |
| २३ | जनप्रिय आ.वि. फारम ख | ६ | ३३८ | १:५६ |
| २५ | दरख मा.वि. हरिनगर | १८ | ११०० | १:६१ |
| २६ | कालिका आ.वि.शितलपुर | ४ | ४७ | १:१२ |
| २७ | बडातडो आ.वि. बछुरिया | ७ | ४१४ | १:५९ |
| २८ | सरस्वती आ.वि.बसन्ता | ६ | ४९३ | १:८२ |
| २९ | बाल कल्याण आ.वि.करैचा | ८ | ३०१ | १:३८ |
| ३० | कण्ठेश्वर आ.वि.किर्तिपुर | ६ | १६२ | १:२७ |
| ३१ | राष्ट्रिय मा.वि. तारानगर | २३ | १५१४ | १:६६ |
| ३२ | मेलघट्टी मा.वि. दिपनगर | १५ | ७०४ | १:४७ |
| ३३ | बाल ज्योती आ.वि.जरही | ६ | ७७२ | १:१२९ |
| ३४ | मोहनी आ.वि. तिलकनगर | ४ | १९५ | १:४९ |
| ३५ | भैरब आधारभूत विद्यालय लठौवा | ८ | ३४९ | १:४४ |
| ३६ | जनप्रगतिशील आ.वि. डुडापारी | ५ | ११० | १:२२ |
| ३७ | अनुग्रह प्रा.वि.आम्फाटा | ३ | ७६ | १:२५ |
| ३८ | सरस्वती मा.वि.शिखरझाला | १० | २१४ | १:२१ |
| ३९ | कालिका मा.वि.खल्लाखेत | ११ | ४०७ | १:३७ |
| ४० | राष्ट्रिय जनता आ.वि.फारम क | ७ | १८८ | १:२७ |
| ४१ | मोहन्याल आ.वि. गोदनी | ४ | ८३ | १:२१ |
| ४२ | कान्ति राज्यलक्ष्मी मा.वि.पहलमानपुर | २० | १८५४ | १:९३ |

| | | | | |
|---|---|---|---|---|
| ४३ | जनकल्याण मा.वि.थेवै | ९ | ३७९ | १:४२ |
| ४४ | बालबिकास आ.वि. आमखोइया | ६ | २०१ | १:३४ |
| ४५ | अमर शहिद स्मृती आ.वि.लठैया | ६ | २४२ | १:४० |
| ४६ | पहलमानसिंह मेमोरियल मा.वि.आम्बासा | २१ | ६३४ | १:३० |
| ४७ | जनता आधारभूत विद्यालय तप्पा | ६ | २०६ | १:३४ |
| ४८ | आदर्श प्रा.वि.भलौवा | ३ | ९४ | १:३१ |
| ४९ | राष्ट्रिय मा.वि. नकफोडुवा | ११ | ३५० | १:३२ |
| ५० | बाल प्रा.वि.खोपा | ३ | ३६ | १:१२ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखितविद्यालयमा शिक्षक विद्यार्थी अनुपात१:१२ देखि१:१२९ सम्म रहेको प्राप्त विवरणबाटदेखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवश्था देखिन्छ। अत: न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवम् शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यानदिनुपर्दछ।

५९ **दिवा खाजा** - आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथाप्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०७९।८० को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यकपर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचीलेदिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुनेखाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनकोप्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागिविद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले शसर्त अननुदानबाट कुल ५० विद्यालयका लागि खाजा वापत रु.२,१५,८९,१०१।०० विद्यालयको खातामा रकमम निकासा गरेकोपाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमनगरको पाइएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धितनिकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सहि सदुपयोग भएको छछैन एकिन हुन सकिएन। त्यसैले पालिका र यससँग सम्बन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

६० **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मकाविद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्नेव्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालयअनुगमन कार्यका साथै शिक्षण शिकाई कार्य प्रभावकारी रुपमा संचालन

हुन नसक्नेदेखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालनगर्ने तर्फ ध्यान दिनुपर्दछ।

६१ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुपसामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिकविद्यालयको ख्याती स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरणतथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथापेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्थागरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय रनागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरीलागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

६२ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५० वटा सामुदायिक विद्यालयमास्थायी तर्फ १०५ शिक्षक दरवन्दी रहेकोमा १०२ शिक्षकको पदपूर्ति रहेको छ। त्यसै गरी राहत/शिक्षण सिकाई अनुदान तर्फ २४८ र निजी तर्फ गरी ८० वटा थप शिक्षकको पदपूर्ती भएको देखिन्छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम(१) मा सामुदायिकविद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिकाका स्थित ५१ वटा सामुदायिक विद्यालयमा २०१३९ जना विद्यार्थी अध्ययनरत रहेका छन्। पालिकाले न्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | | | पदपुर्ती | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत/शिक्षण सिकाइ अनुदान | जम्मा | स्थायी | राहत/शिक्षण सिकाइ अनुदान | करार | नीजि स्रोत | |
| १ | श्री राष्ट्रिय मा.वि. सुखड | ५ | १५ | २० | ४ | १५ | ० | १ | १४५१ |
| २ | विराट सनातन धर्म संस्कृति मा.वि. | ० | ७ | ७ | ० | ७ | ० | २ | २२३ |
| ३ | जनज्योती मा.वि.सुन्दरपुर | ० | ९ | ९ | ० | ९ | ० | | ५७१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | छडी मा.वि.बेलार | ३ | ७ | १० | ३ | ७ | ० | | ७२१ |
| ५ | कपिलमुनी आ.वि.लक्ष्मीपुर | ० | ४ | ४ | ० | ४ | ० | | १२१ |
| ६ | कालिका प्रा.वि.सिङरुवा | ० | ४ | ४ | ० | ४ | ० | | ६४ |
| ७ | सनातन धर्म संस्कृति वेद विद्याश्रम | ० | ० | ० | ० | ० | ० | | १७ |
| ८ | दशरथ नमूना मा.वि.साडेपानी | ७ | ७ | १४ | ७ | ७ | ० | ५ | ११४२ |
| ९ | चौड्याल आ.वि. शिरानगर | २ | ३ | ५ | २ | ३ | ० | २ | २७० |
| १० | मालिका प्रा.वि.थुम्की | १ | १ | २ | १ | १ | ० | २ | ११९ |
| ११ | मोहन्याल आ.वि. नारायणपुर | १ | ७ | ८ | १ | ७ | ० | | २०० |
| १२ | सरस्वती आधारभूत विद्यालय निम्दी | २ | ७ | ९ | २ | ७ | ० | १ | २९१ |
| १३ | समैजी आधारभूत विद्यालय जुरपानी | ३ | ५ | ८ | ३ | ५ | ० | १ | २७७ |
| १४ | गङ्गरी आधारभूत विद्यालय बगुलिया | ३ | १ | ४ | ३ | १ | ० | ३ | २३३ |
| १५ | सीताकुण्ड मा.वि.गणेशपुर | ६ | १० | १६ | ६ | १० | ० | १ | ७३४ |
| १६ | राष्ट्रिय मा.वि. रामपुर | ३ | ४ | ७ | ३ | ४ | ० | ३ | ६१४ |
| १७ | मेलघट्टी आ.वि.जनकपुर | १ | ५ | ६ | १ | ५ | ० | १ | ३३४ |
| १८ | घोडाघोडी आ.वि.भालुफाटा | ० | ५ | ५ | ० | ४ | ० | ३ | १६५ |
| १९ | जनज्योती आ.वि.सिम्थरी | ३ | ३ | ६ | ३ | ३ | ० | १ | २८१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | नव प्रभात प्रा.वि.माघी | ० | १ | १ | ० | १ | ० | ३ | ९२ |
| २१ | राष्ट्रिय लालीगुरास प्रा.वि.गैडाखेडा | ० | ० | ० | ० | ० | ० | ३ | ११९ |
| २२ | राष्ट्रिय मा.वि. देउकलिया | ४ | ५ | ९ | ४ | ५ | ० | ३ | ३९४ |
| २३ | जनता आधारभूत विद्यालय सरैया | २ | २ | ४ | १ | २ | १ | ३ | २७३ |
| २५ | जनप्रिय आ.वि. फारम ख | ० | ४ | ४ | ० | ४ | ० | २ | ३३८ |
| २६ | दरख मा.वि. हरिनगर | ७ | ८ | १५ | ७ | ८ | ० | ३ | ११०० |
| २७ | कालिका आ.वि.शितलपुर | ० | ३ | ३ | ० | ३ | ० | १ | ४७ |
| २८ | बडातडो आ.वि. बछुरिया | ३ | २ | ५ | ३ | २ | ० | २ | ४१४ |
| २९ | सरस्वती आ.वि.बसन्ता | ० | ४ | ४ | ० | ४ | ० | २ | ४९३ |
| ३० | बाल कल्याण आ.वि.करैचा | ० | ६ | ६ | ० | ६ | ० | २ | ३०१ |
| ३१ | कण्ठेश्वर आ.वि.किर्तिपुर | ० | ४ | ४ | ० | ४ | ० | २ | १६२ |
| ३२ | राष्ट्रिय मा.वि. तारानगर | १२ | ६ | १८ | १२ | ६ | ० | ५ | १५१४ |
| ३३ | मेलघट्टी मा.वि. दिपनगर | ३ | १० | १३ | ३ | १० | ० | २ | ७०४ |
| ३४ | बाल ज्योती आ.वि.जरही | ० | ५ | ५ | ० | ५ | ० | १ | ७७२ |
| ३५ | मोहनी आ.वि. तिलकनगर | ० | ५ | ५ | ० | ४ | ० | | १९५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | भैरब आधारभूत विद्यालय लठौवा | २ | ५ | ७ | २ | ५ | ० | १ | ३४९ |
| ३७ | जनप्रगतिशील आ.वि. डुडापारी | १ | ४ | ५ | १ | ४ | ० | | ११० |
| ३८ | अनुग्रह प्रा.वि.आम्फाटा | ० | २ | २ | ० | २ | ० | १ | ७६ |
| ३९ | सरस्वती मा.वि.शिखरझाला | ४ | ५ | ९ | ३ | ५ | १ | १ | २१४ |
| ४० | कालिका मा.वि.खल्लाखेत | ० | ८ | ८ | ० | ८ | ० | ३ | ४०७ |
| ४१ | राष्ट्रिय जनता आ.वि.फारम क | ० | ५ | ५ | ० | ५ | ० | २ | १८८ |
| ४२ | मोहन्याल आ.वि. गोदनी | ० | ३ | ३ | ० | ३ | ० | १ | ८३ |
| ४३ | कान्ति राज्यलक्ष्मी मा.वि.पहलमानपुर | ९ | ९ | १८ | ९ | ९ | ० | २ | १८५४ |
| ४४ | जनकल्याण मा.वि.थेवै | ० | ६ | ६ | ० | ६ | ० | ३ | ३७९ |
| ४५ | बालबिकास आ.वि. आमखोइया | ० | ४ | ४ | ० | ४ | ० | २ | २०१ |
| ४६ | अमर शहिद स्मृती आ.वि.लठैया | २ | ३ | ५ | २ | ३ | ० | १ | २४२ |
| ४७ | पहलमानसिंह मेमोरियल मा.वि.आम्बासा | १० | ११ | २१ | १० | ११ | ० | | ६३४ |
| ४८ | जनता आधारभूत विद्यालय तप्पा | १ | ४ | ५ | १ | ४ | ० | १ | २०६ |
| ४९ | आदर्श प्रा.वि.भलौवा | ० | १ | १ | ० | १ | ० | २ | ९४ |
| ५० | राष्ट्रिय मा.वि. नकफोडुवा | ५ | ६ | ११ | ५ | ६ | ० | | ३५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५१ | बाल प्रा.वि.खोपा | ० | ३ | ३ | ० | ३ | ० | | ३६ |
| जम्मा | | १०५ | २४८ | ३५३ | १०२ | २४८ | २ | ८० | २०१३९ |

६३ **विज्ञान प्रयोगशाला** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९/८० को बुँदा नं. ९.६ मा विद्यालयमा विज्ञान प्रयोगशाला स्थापनाको लागि एकमुष्ट रु.६५००००।०० अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले श्री छडी माविलाई रु.६५००००।०० र राष्ट्रिय माविलाई विज्ञान प्रयोगशालाको लागि रु.६५००००।०० निकासा भुक्तानी दिएकोमा विद्यालयले विज्ञान प्रयोगशाला स्थापनाको लागि खरिद गरिएका सामाग्रीको प्राविधिक स्पेसिफिकेशन विना खरिद गरेको देखिन्छ। स्पेसिफिकेशन विना खरिद गरिएका सामाग्रीको गुणस्तरमा आश्वस्त हुन आधार देखिदैन। अत: प्राविधिक तथा ल्याब सामाग्री खरिदमा निर्देशिकामा उल्लिखित तथा आवश्यक मापदण्डका आधारमा खरिद गर्नु पर्दछ।

६४ **IEMIS अद्यावधिक** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९/८० मा विद्यालयलाई दिवा खाजा, छात्रवृत्ती, नि:शुल्क पाठ्यपुस्तक लगायतका अन्य अनुदान निकासा दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यपन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा निकास दिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका अधिकांश विद्यालयको IEMIS विवरण अद्यावधिक रहेको देखिएन। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरीएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६५ **शिक्षक तलब** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदानप्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रकृया अनुरुप गरे नगरेको नियमित रुपमाअनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मावनस्रोत केन्द्रमा पठाउने व्यवस्था छ। यस पालिकाले आर्थिक वर्ष २०७९/८० माअनुदान दिएका निम्न विद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रमकार्यान्वयन भए नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिवेदनदेखिएन। अत: विद्यालयमा गएको अनुदान रकम प्रभावकारीरुपमाकार्यान्वयन भएको छ भनि विश्वस्त हुने आधार देखिएन। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिवेदन पेशगर्नु पर्दछ।

| क्र.सं. | विद्यालयलाई गएको अनुदान | रकम |
|---|---|---|
| १ | शिक्षण सहयोग अनुदान | ९४,६८,४८०।०० |
| २ | पाठ्यपुस्तक अनुदान | १,३६,२४,०७५।०० |
| ३ | छात्रवृत्ति | ६४,६७,५५०।०० |
| जम्मा | | २,९५,६०,१०५।०० |

६६ **गत वर्षको भुक्तानी**

*......(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रीयाको आधारमा मिति २०८०।१।३० को निर्णयबाट रु. ३०,०००.०० सम्परीक्षण गरिएको ।)*

---

६७ **प्रमाण पेश गर्नुपर्ने**

*......(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रीयाको आधारमा मिति २०८०।१।३० को निर्णयबाट रु. २००,०००.०० सम्परीक्षण गरिएको ।)*

---

६८ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ। पालिकाले रू.६९६७८७।०० को विद्युत्तीय वोलपत्रको माध्यामबाट र दरभाउपत्र मार्फत गरी विभिन्न मितिमा कूल रु. ६७,७०,१३४।०० र रु.१६,९३,९६६।०० को पशुजन्य औषधि गरी कुल रु.८४,६४,१००।०० को औषधि खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नुसार छनः

तपशिल

| बजेट उपशिर्षक | गो.भौ.नं. र मिति | औषधि आपूर्तीकर्ताको नाम | रकम | खरिद विधि |
|---|---|---|---|---|
| शसर्त चालु | १२७(२०८०।२।५) | सिर्जना मेडिसिन सप्लायर्स | ६९६७८७ | विद्युत्तिय खरिद |
| शसर्त चालु | २१७(२०८०।३।२३) | हरिभक्त मेडिटेक सप्लायर्स | ११९३२१३ | सोझै खरिद |
| पालिका स्वास्थ्य चालु | ६(२०७९।०६।११) | सुविसु मेडिसिन सप्लायर्स | २४९९२०० | सोझै खरिद |
| पालिका स्वास्थ्य चालु | ३१(२०७९।१२।२३) | तारागंगा मेडिसिन सप्लायर्स | ९५००० | सोझै खरिद |
| पालिका स्वास्थ्य चालु | ५८(२०८०।३।२३) | भिमदेवी मेडिसिन सप्लायर्स | २२८५९३४ | सोझै खरिद |
| पालिका पशु चालु | ३(२०७९।०९।०७) | जनता एग्रोभेट इन्टरप्राक्षजेज | ५१११३८ | सोझै खरिद |

| | | | | |
|---|---|---|---|---|
| पालिका पशु चालु | ५(२०७९।१२।०८) | सन्तुष्टी भेट सेन्टर | १३६५१० | सोझै खरिद |
| पालिका पशु चालु | १०(२०८०।०१।१०) | सन्तुष्टी भेट सेन्टर | ७४३७२० | सोझै खरिद |
| पालिका पशु चालु | १६(२०८०।३।२०) | सन्तुष्टी भेट सेन्टर | २६४४०४ | सोझै खरिद |
| पालिका पशु चालु | १७(२०८०।३।२३) | सुदूर किसान सप्लायर्स | ३८१९४ | सोझै खरिद |
| जम्मा | | | ८४६४१००।०० | |

आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि औषधि Self life को कम्तिमा ३/४ भाग अवधि बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।साथैखरिद गरिएका औषधी निर्धारित म्यादको नहुँदा जनस्वास्थ्यमा पर्ने प्रतिकुल प्रभाव प्रति पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।साथै सम्झौतामा उल्लिखित अवधि भन्दा कम अवधिको औषधि आपूर्तीकर्तामाथि समेत पालिकाले नियमित अनुगमन गरि आवश्यक कदम चाल्ने तर्फ ध्यान दिनुपर्दछ।

६९ **नमर्स भन्दा बढी भुक्तानी**

*......(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रीयाको आधारमा मिति २०८०।१।३० को निर्णयबाट रु. २२,१००.०० सम्परीक्षण गरिएको।)*

७० **वितरण भरपाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा खर्चलाई प्रमाणित गर्ने विल, भरपाई तथा आवश्यक प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ। तपशिल बमोजिमको कृषि बिउ तथा सामाग्री बितरणमा वितरण भरपाई संलग्न नभएकोले वितरण भरपाई पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| गो.भौ.नं. र मिति | कार्यक्रम | विवरण | खरिद परिमाण | दर | भरपाई पेश भएको | नपुग भरपाई | रकम(भ्याट सहित) |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५४(२०७९।११।१२) | आ.व.२०७९/८० नयाँ तेलहन बाली पकेट विकास कार्यक्रम-सयपत्री महिला कृषक समूह | इलेक्ट्रीक मोटर ३ वटा र डेलिभरी पाइप | मोटर ३ वटा र पाइप १६० के.जि. | मोटर रु.२३८९३.८१ र पाइप रु.२६५.४९ प्रति केजि | ० | मोटर ३ वटा र पाइप १६० के.जि. | १२९००० |
| जम्मा | | | | | | | १२९००० |
| | | | | प्रमाण पेश नगरेको | | | १,२९,००० |

७१ **५० प्रतिशत अनुदानमा कृषि बिउ वितरण** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुयलको परिच्छेद-७को ७.१ कृषि उत्पादन सामाग्री विउ, वेर्ना तथा विरुवामा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ। तपशिल बमोजिमका ५० प्रतिशत अनुदानमा कृषि विउ वितरण कार्यक्रममा कृषकबाट ५० प्रतिशत रकम संकलन गरेकोमा पालिकाबाट बढी रकम भुक्तानी भएकोमा बढी भुक्तानी भएको रकम भुक्तानी लिने कर्मचारीबाट असुल हुनुपर्ने रु.

| गो.भौ.नं. र मिति | कार्यक्रम | लाभग्राही | खरिद परिमाण | दर | जम्मा | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १३९(२०८०।०२।१८) | धानबनली प्रवर्द्धन कार्यक्रम | श्री राजवंशी कृषक समुह | धान १२०० के.जि. | ७५ | १००९२५० | ५०५१२५ | ५६१५९० | ५६४६५ |
| | | | युरिया-५४४० केजि | २५ | | | | |
| | | | डिएपि-१७२५ केजि | ५२ | | | | |
| | | | पोटास-१२७२ केजि | ४० | | | | |
| | | | पावर टिलर २ थान | २१०००० | | | | |
| | | | मोटर ७ थान | २१२३८.९४( | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भ्याट बाहेक) | | | | |
| | | | स्प्रेयर टंक १० थान | ४४२४.७८(भ्याट बाहेक) | | | | |
| | | | विविध | ३६७० | | | | |
| | | | बोर्ड | १००० | | | | |
| १५८(२०८०।३।१) | धानबनली प्रवर्द्धन कार्यक्रम | ज्योती महिला बहुउद्देश्यीय कृषक समूह | मल | जम्मा-२२४३९६ | ८१३३९६ | ४०७१९८ | ४६३३९२ | ५६१९४ |
| | | | धान | जम्मा-९६००० | | | | |
| | | | रिपर २ थान | ६०००० | | | | |
| | | | पम्पसेट ३ थान | ५४००० | | | | |
| | | | पावलरटिलर १ थान | २१०००० | | | | |
| | | | बोर्ड | १००० | | | | |
| जम्मा | | | | | | | | ११२६५९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१२,६५९ |

७२ **कार्यविधि विना खर्च -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र रकम खर्च गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न समूह तथा व्यक्तिहरुलाई सामाग्री तथा अन्य सहायता वितरण गरेको छ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ। नमुना छनौटको क्रममा पालिकाले यस वर्ष वितरण गरेका आर्थिक सहायताका विवरण निम्नानुसार छन।

| विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|

| | | |
|---|---|---|
| ५०प्रतिशत अनुदानमा कृषि कार्यक्रम | ३१२११०८ | विभिन्न फर्म, सहकारी संस्था तथा व्यक्तिलाई नगत तथा अनुदान वितरण |
| कृषिविषय अध्ययन गरी/वैदेशिक रोजगारबाट फर्केका युवाहरुका लागि प्रस्तावमा आधारितयुवा लक्षित कार्यक्रम | २६९६६८० | २७ जना व्यक्तिलाई भुक्तानी |
| कमैया मुक्त शिविरका कृषकलाई अनुदानमा प्लाष्टिक हाउस सहित बिउवितरण | ४९४८९० | |
| एक घर एक पोषण बगौचा | २८०००० | |
| स्यालो ट्युवेल निर्माण | २५,५०,३७५।०० | १९ वटा फर्म तथा समूहमा |
| जम्मा | ९१,४३,०५३।०० | |

७३ **सव कन्टयाक्टरबाट काम गराएको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माणका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । उदाहरणको रुपमा निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान पालना भएको नदेखिएकोले यस्तो कार्य पालिकाबाट नियन्त्रण गर्न ध्यान दिनु पर्दछ ।

| क स | उपभोक्ता समितिको नाम | उपभोक्ता समिति सँग भएको सम्झौता अंक (श्रमदान बाहेक)को भुक्तानी | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत |
|---|---|---|---|---|
| १ | वडा स्तरीय फुटवल ग्राउण्ड निर्माण उ स | ३५५४५९।०० | अरुण हिमाल कन्स्ट्रक्सन | ३७०४६२।०० |

| | | | | |
|---|---|---|---|---|
| २ | अजय कृषि फार्म देखि डोडा सम्म ग्रावेल उ स | ३८१५८५।०० | अरुण हिमाल कन्स्ट्रक्सन | ३८९५९०।०० |
| ३ | रतन खडायतको घर देखि बहादुर विष्टको घर सम्म बाटो ग्रावेल | १४२४११।०० | न्यू कुमारी कन्स्ट्रक्सन | १६५२६२।०० |
| ४ | धनपति धामीको घर देखि मन्दिर सम्म बाटो निर्माण उ स | १४३८१२।०० | न्यू कुमारी कन्स्ट्रक्सन | १६७५७८।०० |
| ५ | डोडा देखि चोङ्गालीपुर सम्म ग्रावेल उ स | ४८१३८५।०० | प्रतिक निर्माण सेवा | ६३००००।०० |
| ६ | हियर कटिङ देखि पुर्व बाटो ग्रावेल उ स | ४४९५८८।०० | प्रतिक निर्माण सेवा | ४३४९५२।०० |
| ७ | भतमन्निको घर देखि दल ब कठायतको घर सम्म सडक ग्रावेल उ स | ४४८३३४।०० | अमर एण्ड तेज कन्स्ट्रक्सन प्रा लि | ४८१०००।०० |

७४ **बढि भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा मात्र विल विजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष कौवा कैलाशपुर कल्भर्ट निर नाली निर्माण कार्य उपभोक्ता समिति मार्फत भएकोमा नाली खन्ने कार्यको उचाई ०.५३ मिटर भएकोमा उक्त नालीमा स्टोन सोइलिङ र लेभलिङ गर्ने कार्यको उचाई ०.६१ उल्लेख भई नापजाँच हुदा निम्नानुसार ३८.४२ घन मिटर परिमाणको रू २२१६।६० का दरले रू ८५१५२।०० बढि भुक्तानी भएकोले सो सम्बन्धमा एकिन गरी सम्बन्धितबाट नियमानुसार असुल हुनु पर्दछ।

| विवरण | ढुंगा विछ्याउने | लेभलिङ् गर्ने | जम्मा |
|---|---|---|---|
| लम्बाई | 24 | 52.8 | ७६.८० |
| चौडाई | 1.22 | 1.22 | १.२२ |
| उचाई | 0.41 | 0.41 | ०.४१ |
| परिमाण | 12.0048 | 26.41056 | ३८.४२ |
| | | असुल गर्नुपर्ने | ८५,१५२ |

७५ **बिल बिजक पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा खर्च विल विजक सहित स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । पुँजिगत शिर्षकबाट भौ न ११।२०७९।६।१२ बाट नेशनल कम्प्युटरलाई रू ५९८५८१।०० भुक्तानी भएकोमा रू ३९८७०४।००को विल विजक संलग्न रहेको देखिएकोले बिजक नपुगेको रू १९९८७७।०० सम्बन्धितबाट सोही अनुसारको विल विजक पेश हुनुपर्ने अन्यथा असुल हुनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९९,८७७ |

७६ **विल विजक पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा खर्च विल विजक सहित स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । यो वर्ष पालिकाबाट वडा न ५ र ७ जोड्ने डोडा नदिमा पक्की पुल निर्माण कार्यको लागि ठेकेदार ध्रुवतारा नेत्र जेभीलाई जेनेरल वर्कस अन्तर्गतका निम्नानुसार कार्यको भुक्तानी भएकोमा विल विजक पेश नभएकोले विल विजक पेश हुनु पर्ने अन्यथा सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्दछ ।

| क स | विवरण | भुक्तानी |
|---|---|---|
| १ | ल्याव क्याम्प स्थापना खर्च | ६०००००।०० |
| २ | सप्लाई फर फिक्स ब्रिज नेमप्लेट | ३००००।०० |
| जम्मा | | ६३००००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,३०,००० |

७७ **बिल बिजक पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा खर्च विल विजक सहित स्रेस्ता राख्नु पर्ने व्यवस्था छ । पुँजिगत शिर्षककबाट भौ न २४।२०७९।६।१३ बाट वशिष्ट होटललाई विना विल रु. २७८३३९।०० भुक्तानी भएकोले विल पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७८,३३९ |

७८ **मु अ कर असुली** - मु अ कर ऐन २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मु अ कर उठाउन नहुने व्यवस्था गरेको छ । तर सोही दफाको उपदफा ३ मा स्थानीय तहले मु अ कर लाग्ने वस्तु तथा सेवा विक्री गर्दा मु अ कर असुल गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको पच्चिस दिन भित्र बुझाउनु पर्ने र सो कर अवधि भित्र कर नबुझाएमा बाकी रहेको कर रकममा वार्षिक दश प्रतिशतले हुने थप दस्तुर र दफा २६ मा म्याद भित्र कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशत ब्याज समेत २५ प्रतिशत थप दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष नदिजन्य पदार्थमा कर संकलन गर्ने कार्यको लागि कर्णाली निर्माण सेवासंग मु अ कर सहित रू ३ करोड ६७ लाख २५ हजारमा सम्झौता भएकोमा विभिन्न मितिमा रू ३ करोड २५ लाख ५२ हजार ४६४ असुल भै रू ४१ लाख ७२ हजार ५३६ दाखिला हुन बाकी देखियो । त्यसैगरी कुल सम्झौता अनुसार दाखिला गर्नु पर्ने मु अ कर रू ४२लाख २५ हजार लेखापरीक्षणको हुदाको मिति सम्म असुल भएको देखिएन ।

पालिकाकै कर्मचारीहरुबाट बहाल बिटौरी करको रू १५१२८०।०० संकलन गरेकोमा मु अ कर असुल गरेको देखिएन । यस सम्बन्धमा मुअकर वाहेकको रकममात्र असुल भएको भनेर पालिकाले प्रतिक्रीया दिएकोले असुल हुन बाँकी रहेको रकममा नियमानुसार लाग्ने २०८० श्रावण देखि माघ ३० सम्मको मु अ कर तथा नियमानुसारको ब्याज र जरिवाना समेत एकिन गरी असुल गर्नु पर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,५३,१२५ |

७९ **नदिजन्य पदार्थ विक्रि -** नदिजन्य पदार्थमा कर संकलन गर्ने उद्देश्यले पालिकाले आहवान गरेको सूचनामा पालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु सो कर संकलनको लागि सम्झौता भएको ठेकेदारले आफ्ना तर्फबाट छपाई गरी सोही रसिदहरुबाट कर संकलन गर्नुपर्ने शर्त उल्लेख छ । सोही शर्त अनुसार पालिका र ठेकेदार, कर्णाली निर्माण सेवा बीच भएको सम्झौतामा समेत सोही बमोजिम व्यवस्था भएको छ ।यो वर्ष निज ठेकेदारले उल्लिखित शर्तको पालना नगरी आफ्नो विजकबाट कर संकलन गरेको पालिकाबाट संचालित निम्नानुसार योजनामा पेश भएको रोल्यटीको प्रमाणबाट देखिन्छ । पालिकाले तोकेको ढाँचाको रसिद प्रयोग नभएको अवस्थाबाट ठेकेदारले सम्झौता अनुसारको परिमाण १७१०० घन मिटरको सीमा भित्र रहि नदिजन्य पदार्थ संकलन गरेको पुष्टि हुदैन । पालिकाले के कति परिमाण कुन दरमा संकलन भएको जानकारी पाउन ठेकेदारबाट छपाएर कार्यालयबाट प्रमाणित गराएर मात्र ठेकेदारलाई प्रयोग गर्न दिनु पर्दछ । पालिकाले जारी गरेको रसिद प्रयोग नगरी ठेकेदारको आफ्नो विजकबाट संकलन गरेको कर वापतको रकम सम्बन्धमा पालिकाले एकिन गरी सो वापतको मु अ कर समेत थप असुल भए नभएको एकिन हुनु पर्दछ । नमुना परिक्षणको क्रममा भेटिएका निम्नानुसार योजनाको लागि संकलन गरिएको नदिजन्य पदार्थमा ठेकेदारको विजकबाट संकलन गरेको रोयल्टी समेत एकिन गरी पालिकालाई प्राप्त भए नभएको एकिन गरी असुल हुनु पर्दछ ।

| क स | योजनको नाम | ठेकेदारको विलबाट संकलित नदिजन्य पदार्थ परिमाण | रोयल्टी रू |
|---|---|---|---|
| १ | बिचधरान टोलमा बाटो निर्माण तथा ग्रावेल नि उ स | २८० | ३३५३८ |
| २ | माघी सिम्थली भल्का जोड्ने बाटो निर्माण उ स | २८८ | ३४४९६ |
| ३ | सन्तोष चौधरीको घर देखि भजहर पुल सम्म ग्रावेल उ स | १९६ | २३४७८ |
| ४ | शिविर रिङरोड स्तरोन्नति र ग्रावेल उ स | ३०० | ३५९३४ |
| ५ | सामुदायिक भवन निर्माण योजना उ स | १८१ | २१६८० |

| | | | |
|---|---|---|---|
| ६ | झिरौखा बन्निदेवीको घर देखि हर्क ब बुढाथोकीको घर सम्मको ग्रावेल | २५९ | ३१०२३ |
| ७ | सीतारामको घर देखि हाथीमुडा ताल दम्दारा सम्म ग्रावेल योजना | २३६ | २८२६८ |
| ८ | भुटहुवा नालामा स्लेप कल्भर्ट निर्माण उ स | १०० | ११९७८ |
| ९ | पतिराम कुश्मीको मेडिकल शुकराज चौधरीको घर सम्म ग्रावेल नि उ स | १८० | २१५६० |
| १० | वडा भित्रको बाटो मर्मत योजना | २९३ | ३५०९५ |
| जम्मा | | | २७७०५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७७,०५० |

८० **भूमिहिनलाई जग्गा** - राष्ट्रिय भूमि आयोगको काम कर्तव्य र अधिकार अन्तर्गत भूमिहिन दलित सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणिकरण गरी भूमिहिन सुकुम्बासीलाई जग्गा उपलव्ध गराउने र अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउने उद्देश्यले गठन भएको राष्ट्रिय भूमि आयोगले स्थानीय तह मार्फत भूमिहिन दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान लगत संकलन र प्रमाणिकरण गर्ने उल्लेख छ। सोहि उद्देश्यले यस पालिका अन्तर्गत समेत विगत देखि ५ जना कर्मचारी कार्यरत रहेकोर सोको पारिश्रमिक वापत वार्षिक रू १९८२८४२।०० खर्च हुने देखियो । यस अवधिमा भएका कार्यहरुको विवरण निम्नानुसार छन। भुमिहिनहरुको बसोबास व्यवस्थित बनाउने उद्देश्यले स्थापित यस आयोगको करिव ४ वर्षमा देखिएको प्रगति सन्तोषजन छैन। भुमिहिनलाई जग्गा उपलव्ध गराउने तथा अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने कार्य तोकिएको समयमा सम्पन्न गर्नु पर्दछ।

| विवरण | संख्या तथा वर्ग मिटर |
|---|---|
| भूमिहिन दलितको लगत संकलन | २२६ |
| भूमिहिन सुकुम्बासीको लगत संकलन | ३३२ |
| अव्यवस्थित बसोबासीको घरधुरी | १७५८० |
| सार्वजनिक जग्गाको पहिचान तथा सोको क्षेत्रफल | ० |
| पुर्जा वितरण व्यक्तिको संख्या | ० |
| नियन्त्रण विन्दु स्थापना संख्या र खर्च | ५०३ |

| | |
|---|---|
| कर्मचारी संख्या र तलव खर्च ५ जना | १९८२८४२।०० |
| सर्वेक्षण भएको वडाहरु | ११, १२, ४, १, १० र ५ |

८१ **खरिदमा न्यून प्रतिस्पर्धा**- सार्वजनिक खरिद ऐन २०६३ को प्रस्तवनामा खरिदलाई खुला र प्रतिस्पर्धी बनाउने उद्देश्य लिएको छ ।त्यसै गरी ऐनको दफा २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही नहुने व्यवस्था छ । त्यसैगरी ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने व्यवसथा छ । यो वर्ष पालिकाबाट भएमा खरिदका ठेक्का प्रक्रियाको परीक्षण गर्दा ईविडिङ् मार्फत नै बोलपत्र आह्वान भएको देखिएकोमा न्यून प्रतिस्पर्धा भई ठेक्का बन्दोबस्त हुने गरेको देखियो ।लागत अनुमान भन्दा नगण्य प्रतिशत घटि रकममा सम्झौता भएको अवस्था निम्नानुसार देखिन्छ । खरिद प्रक्रियामा वोलपत्रदाताहरु बीच मिलोमतो भएको अवस्थामा खरिदमा प्रतिस्पर्धा सीमित हुन गई सार्वजनिक निकाय खुला प्रतिस्पर्धाको लाभबाट बन्चित हुने अवस्थालाई मध्य नजर गरी मिलोमतोको सम्भावना देखिएको ठेक्का प्रक्रिया समयमै रद्द गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन पालिकाको ध्यान जानु पर्दछ ।

| क.स. | योजनाको नाम | ठेकेदारको नाम | सम्झौताअंक (मुअकर बाहेक) | लागतअनुमान (मुअकर र कन्टिन्जेन्सी बाहेक) | हालसम्मको भुक्तानी | लागतअनुमान भन्दा कवोल अंक घटेको प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Construction of Motorable Double Span Bridge Over Doda River joining ward no 5 & 7 of Ghodaghodi Municipality | श्री धुर्व तारा नेत्र जे भि निर्माण सेवा धनगढी,कैलाली | 58218887.58 | 63015414.29 | 28027055.5 | 7.61% |
| २ | Premix Carpeting Work form Tribeni Bazar to ward Building(Chainage 0+000 to 0+300) | कालिकारक्षा विल्डर्स एन्ड सप्लायर्स घोनपा १० कैलाली | 2434640 | 2460485.14 | 2397605 | 1.05% |
| ३ | Premix Carpetting from Khaurahi Chowok to Rajipur Pachghara,ward5&7 | ओम मष्टा कन्स्ट्रक्सन प्रा लि घोनपा १ कैलाली | 2427458.85 | 2540747.98 | 2411345.59 | 4.46% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | Premix Carpetting from Harinagar chowk to Jurpani Culvart ward no 7 | ओम मष्टा कन्स्ट्रक्सन प्रा लि घोनपा १ कैलाली | 2872808.3 | 3123887.87 | 2850467.35 | 8.04% |
| ५ | Premix Carpetting Work Ratipur pipal chauthara to 9 no office Buildiung | रामारोशन निर्माण सेवा घोनपा १० कैलाली | 2618242.4 | 2621010.82 | 2575256.44 | 0.11% |
| ६ | Premix carpetting from sisiya chowk to adarsh school ward no 10Chainage 0+000 to 0+337.65) | कालिकारक्षा बिल्डर्स एन्ड सप्लायर्स घोनपा १० कैलाली | 2754802.4 | 2785783.92 | 2732114.02 | 1.11% |
| ७ | Premix carpeting work of Ring road area sukhad bajar inner street north south 1st 2nd and 3rd | कालिकारक्षा बिल्डर्स एन्ड सप्लायर्स घोनपा १० कैलाली | 5029705.34 | 5094244.7 | | 1.27% |
| ८ | Premix carpeting work of Ring road area Bhasna kulo to kauwa road | रामारोशन निर्माण सेवा घोडागोडी ९ कैलाली | 6318395 | 6747200.04 | | 6.36% |
| ९ | त्रिवेणी खानेपानी परिसरमा प्रशासनीक भवन निरमाण | न्यु कुमारी कनस्ट्रक्सन | ६१४०६३१.५८ | ६१९७२४१.९७ | 6140631.58 | 0.91% |
| १० | सार्वजनिक शौचालय निर्माण वडा न १ | रामारोशन निर्माण सेवा घोडाघोडी ९ कैलाली | २९६९०७७.२६ | २९६९०७७.२६ | 2873452.32 | 0.00% |
| ११ | Hume pipe supply and delivery for Municipality all ward office area | बर्दगोरिया ह्युम पाइप एण्ड कंक्रिट उधोग प्रा लि बर्दगोरिया १ कैलाली | 1997453.54 | 1998059.22 | 1997453 | 0.03% |
| १२ | Bhojpur Khel Maidan Dekhi Lal Bahadur Thapa ko Ghar Huda Gravel Bato Bhojpur Tole Yojana | ओम मष्टा कन्स्ट्रक्सन प्रा लि घोनपा १ सुखड,कैलाली | 1195930.52 | 1232120.31 | 1181941 | 2.94% |
| १३ | थेउहान घर देखि डोराहन घर सम्म बाटो | श्री श्रीस्थान निर्माण सेवा घोडाघोडी १० कैलाली | 1495701.90 | 1534862.10 | 1476684 | 2.55% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग्रावेल र कालिकोट बाटो ग्रावेल योजना | | | | | |
| १४ | देवि थान मन्दिर परसर पर्यटन पुर्वाधार निर्माण घोडाघोडी नपा ७ हरिनगर टोल कैलाली र हरिनगर मन्दिर निर्माण हरिनगर घोडाघोडी न पा ७ कैलाली योजना | श्री बुटका बाबा निर्माण सेवा प्राली | 1735293.24 | 1766193.73 | 1733126.81 | 1.75% |
| १५ | रिभर ट्रेनिङ,ढुंगाको चिनाई वडा न ४ | चन्द्र विकास यज्ञ लक्ष्मी निर्माणसेवा | १९७५१०८.९२ | १९९८७५०.९८ | १९७२५३५.२३ | 1.18% |
| १६ | नदि तटवन्धन सिमथरिकैवा ब्रिज | चन्द्र विकास यज्ञ लक्ष्मी निर्माणसेवा | १८०६३१२ | १८२०९४७.१७ | १७९९९५२ | 0.80% |
| १७ | वडा न २ प्रगतिटोल देखि क्षेत्रिको गर सम्म नालि निर्माण | धनराज कन्स्ट्रक्सन | 1199673.69 | 1200000 | 1199673.69 | 0.03% |

८२ **अन्य कार्यालयको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क स | विवरण | खर्च रकम |
|---|---|---|
| १ | प्रहरी विट निर्माण | १७७४१३।०० |
| २ | ईलाका प्रहरी कार्यालयमा जस्तापाता खरिद | ७३२००।०० |
| ३ | जुनेलि वन उपभोक्ता समितिको भवन निर्माण | ५५८४०१।०० |
| ४ | ईलाका प्रशासन कार्यालयको छापाखानको भुक्तानी | ३१६४०।०० |

८३ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ ।त्यसै गरी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ । यो वर्ष पालिकाले निम्नानुसा एउटै प्रकृतिका मालसामान तथा निर्माण कार्यहरुलाई एउटै प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्था हुदा हुदै पनि विभिन्न फर्म तथा व्यक्तिहरुबाट नगरपालिका परिसर भित्रको विभिन्न निर्माण कार्यमा रू ३१ लाख ९६ हजार ७८०, प्रिमिक्स कार्पेटिङमा रू १९ लाख १९ हजार ६०० समेत रू. १ करोड ५८ लाख ८७ हजार ९१५ को मालसामान तथा निर्माण कार्य टुक्रा पारी सोझै खरिद गरेको देखियो ।सोझै खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु अ कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य उपभोक्ता मार्फत भएको भन्दा पनि महंगो हुने र मालसामान खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो । सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन । अत नियमावलीले तोकेको सीमा भन्दा बढि रकमको खरिद कार्यलाई टुक्रा पारी गरिएको खरिद भएको नियम सम्मत मान्न नसकिएकोले नियमित गर्नु पर्ने रू

| क स | खरिद गरिएको वस्तु तथा सेवा | आपुर्तिकर्ता व्यक्तिको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | नगरपालिका परिसरमा माटो फिलिङ् | देवसिंह निर्माण सेवा | ९९१८९२ |
| २ | नगरपालिकाको भाडाको भवनको मर्मत | आरोग्य विल्डर्स एण्ड कन्सल्टेन्सी | ७६२३४० |
| ३ | नगरपालिका परिसरमा ग्राभेल गर्ने कार्य | एन पी एस निर्माण सेवा | ४९५५०९ |
| ४ | नगरपालिका परिसरको पक्की नाली निर्माण | काबेली कन्स्ट्रक्सन | ९४७०३९ |
| | **जम्मा** | | **३१९६७८०** |
| १ | वडा न ७ मा प्रिमिक्स कार्पेटिङ | विद्या कन्स्ट्रक्सन प्रा लि | ४१५३२८ |

| | | | |
|---|---|---|---|
| २ | वडा न ३ मा प्रिमिक्स कार्पेटिङ | जी एण्ड जे निर्माण सेवा | ९८८९४४ |
| ३ | वडा न २ मा प्रिमिक्स कार्पेटिङ | एन एल जी कन्स्ट्रक्सन | ५१५३२८ |
| | **जम्मा** | | १९१९६०० |
| १ | ए सी खरिद | एस कम्प्युटर्स | ९९८९२० |
| २ | एसी तथा टिभी स्टेबलाइज | त्रिपुरा ट्रेड एण्ड कम्प्युटर | ७०१६२५ |
| ३ | ए सी जडान | एस कम्प्युटर एण्ड सप्लार्यस | २६५५५० |
| ४ | कालिका मन्दिरमा सिचाई बोरिङ निर्माण जडान | जे पी निर्माण सेवा | ४०५२३२ |
| ५ | वडा न ३ कार्यालय भवनको घेरवार | जि बी कन्स्ट्रक्सन | २९२५७६ |
| ६ | अफिस तथा निर्माण सामान | थ्याङ्क यु विजनेस | ७४३४२७ |
| ७ | जे सि भी द्वारा माटो फिलिङको काम | न्यू कुमारी कन्स्ट्रक्सन | ३८५३२५ |
| ८ | जे सि भी द्वारा माटो फिलिङको काम | न्यू कुमारी कन्स्ट्रक्सन | ३९०५२४ |
| ९ | सडक ग्राभेल गर्ने काम | आर बी निर्माण सेवा | ६९८८३८ |
| १० | वडा न ४ को भजाहर कल्भर्ट निर्माण | बुटुका बाबा निर्माण सेवा | ४७७४५६ |
| ११ | वडा न १ मा भावना बोहोराको घर देखि चर्च सम्म पक्की वाल निर्माण | ठकुल्ला निर्माण सेवा | १९५१४४ |

| | | | |
|---|---|---|---|
| १२ | वडा न १२ को ससरङ्गी पार्क निर्माण | श्रीस्थान निर्माण सेवा | ४९९८०४ |
| १३ | वडा न १ भित्र आँखा अस्पतालको लागि ट्रस निर्माण | ओम मष्टा कन्स्ट्रक्सन प्रा लि | ६६०५७३ |
| १४ | वडा न ३ को कल्भर्ट निर्माण | मेल्टा कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा लि | ९८८५०३ |
| १५ | वडा न १ मा स्वास्थ्य चौकी घेरवार र ग्राभेल | खापर निर्माण सेवा | ८७७३६४ |
| १६ | विद्युतीय सामानहरु | हिमाल ईलेक्ट्रिक एण्ड ईलेक्ट्रोनिक्स | २२७७७९ |
| १७ | पहालमानपुर चोकमा नाला ह्युमपाइप जडान | हरिकृष्ण निर्माण सेवा सप्लायर्स | ५९६८७२ |
| १८ | वडा न १ डोडा नदिमा ग्याविन वाल निर्माण | नन्दमाता के आर निर्माण सेवा | ४८६८०४ |
| १९ | कृष्ण मन्दिर धर्मशाला निर्माण | न्यू कुमारी निर्माण सेवा | ८७९२१९ |
| | **जम्मा** | | १०७७१५३५ |
| | कूल जम्मा | | **१५८८७९१५** |

| | |
|---|---|
| अनियमित भएको | ३१,९६,७८० |

८४ **प्राथमिक अस्पताल भवन निर्माण** - एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत अस्पताल निर्माणको लागि पालिका र राजेन्द्र निर्माण सेवा विच मिति २०७८।१।२९ मा रू ९५३२९३६६।०० मा २ वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको देखियो । कार्यापालिकाको निर्णय अनुसार मिति २०८१ असार मसान्तसम्म सम्झौताको म्याद थप भएको छ । निर्माण व्यवसायीलाई हालसम्मा रू ६३३८४५६।०० अर्थात सम्झौता मूल्यको ६ प्रतिशत मात्र भुक्तानी भएको देखीयो । पालिकाले उक्त अस्पतालको विस्तृत परियोजना प्रतिवेदन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा स्वीकृतिको लागि पठाइएकोमा हालसम्म स्वीकृत भएको देखिएन । डिपिआर स्विकृत नभएको र ठेक्का व्यवस्थापनको लागि स्रोत सुनिस्चितताको पत्र समेत

प्राप्त भएको देखिएन । पालिकाको आफ्नो नाममा जग्गा प्राप्त समेत भएको देखिएन । पालिकाबाट प्राप्त सूचना अनुसार मन्त्रालयबाट स्रोत सुनिश्चत भएको तथा डिपिआर स्वीकृत औपचारिक लिखित पत्रको अभावमा ठेक्का सम्झौता अगाडि बढाउन नसकिएको देखियो । पालिकाले भुक्तानी गरेको पेश्कि रू ८२ लाख ८५ हजार समेत हालसम्म फछ्र्यौट हुन सकेको छैन । सम्झौताको शुरु अवधि सकिएर म्याद थप भएको ६ महिना समेत व्यतीत भैसक्दा समेत निर्माण व्यवसायीलाई सार्वजनिक जग्गामा फाउण्डेशनको केही काम बाहेक अन्य काम गर्ने स्पष्ट निर्देशन प्राप्त नभएकोले ठेक्का सम्झौता अन्यौलमा रहेको देखियो । पालिकाको आफ्नो नाममा जग्गा समेत प्राप्त नभएको अवस्थामा डिपिआर स्वीकृत नगरी ठेक्का व्यवस्थापन नगर्नु पर्नेमा डिपिआर स्वीकृत नहुदै ठेक्का व्यवस्थापन भएको अवस्थाले सम्भावित ड्रविङ् डिजाईन परिवर्तन हुन सक्ने तथा स्रोतको उपलव्धता समेत सुनिश्चित नहुने र लागत समेत बढ्न सक्ने जस्ता विविध जोखिमलाई मध्ये नजर गरी मन्त्रालयसंग आवश्यक समन्वय गरी ठेक्का व्यवस्थापन कानून बमोजिम अगाडि बढाउनु पर्दछ ।

८५ **अनौपचारिक कारोवार** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ तथा बर्दगोरीया गाँउपालिका सार्वजनिक खरिद नियमावली २०८० को दफा २० मा रू २० हजार भन्दा बढीको खरिद गर्नु पर्दा मु अ कर मा दर्ता भएको र सो भन्दा कमको हकमा स्थायी लेखा नम्बर प्राप्त व्यक्ति फर्म संस्था वा कम्पनिहरुबाट मात्र खरिद हुने व्यवस्था गरिएको छ । सार्वजनिक निकायको परिभाषामा सरकारको अनुदान वा ऋणबाट संचालित संस्था समेतलाई जनाएको अवस्थामा पालिकाको बजेट कार्यान्वयन गर्ने तथा अनुदान बाट संचालित उपभोक्ता समितिहरु समेत सार्वजनिक निकाय हुने भएकोले उल्लिखित दुबै नियमावली उपभोक्ता समितिलाई समेत लागु हुने देखिन्छ । यो वर्ष पालिकालाई उपभोक्ता समितिहरुले पेश गरेका खर्चका प्रमाण परीक्षण गर्दा व्यावसायिक रुपमा संचालनमा रहेका डोजर टिप्पर धनिहरुले स्थायी लेखा नम्बर समेत नलिएको र विल विजक समेत जारी नगरी ठाडो भरपाई मात्रै गर्ने गरेको देखिन्छ । रू १ लाख भन्दा माथीका सेतो कागजमा सोझै भरपाई गरि भुक्तानी भएका केहि उदाहरणहरु निम्नानुसार छन । जसले गर्दा उक्त भरपाईलाई खर्चको यथार्थ प्रमाणको रुपमा ग्रहण गर्न कानूनी अस्पष्टता रहनुका साथै अनौपचारिक अर्थन्त्रलाई बढवा दिएको समेत देखिन्छ । तसर्थ ब्यावसायिक कारोवार गर्ने उद्देश्यले खरिद गरी सोही अनुसार प्रयोग गर्ने डोजर तथा टिप्पर व्यवसायीलाई विधिवत रुपमा दर्ता गराई कारोवार गर्न पालिकाले अपेक्षित भुमिका खेल्नु पर्दछ ।

| भौ न मिति | उपभोक्ता समिति | भरपाई पेश भएको कार्य | डोजर तथा टिप्पर व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १३६।१२।१३ | ह्युम पाइप जडान बन्दरखाल २ अस्नेटा | ढुंगा सिमेण्ट ढुवानी | मनिराम चौधरी | १७००००।०० |
| ३०४।२।२४ | सुखड हाइवे देखि उत्तर क्षेत्र डुवान व्यवस्थापन उ स | ढुंगा वालुवा ढुवानी | लक्ष्मी चौधरी | ५५४०००।०० |

| | | | | |
|---|---|---|---|---|
| ३९३।३।१७ | वडा कार्यालयमा हरियाली पार्क तथा सिलन्यास निर्माण | | रोशन आचार्य | १०३५००।०० |
| जम्मा | | | | ८२७५००।०० |

८६ **खर्चको प्रमाण पेश नभएको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत भएका निर्माण कार्यको खर्चको विल भरपाईहरु सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसारको बाटोमा ग्राभेल विछ्याउने कार्य भएकोमा नापी कितावमा उल्लेख भएको भन्दा घटी परिमाण ग्राभेल खरिदको रोयल्टि तिरेको निस्सा पेश भएको र अन्यत्र कतैबाट खरिद भएको समेत खुलासा नभएकोले नापी कितावमा उल्लिखित परिमाण नै ग्राभेल सडकमा विछ्याइएको पुष्टि नपुग्ने देखिन्छ । तसर्थ नापी कितावमा भएको परिमाणको ग्राभेल खरिदको प्रमाण पेश गर्नु पर्ने अन्यथा सोही परिमाण वा ग्रावेलको रू १२० प्रति घ मि र माटोको रू ८८ प्रति घ मि ले हुने रकम सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल हुनु पर्दछ ।

| भौ न मिति | योजनाको नाम | नापी कितावमा उल्लिखित ग्राभेल परिमाण | भुक्तानी भएको दर | प्रमाण नपुगेको भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| ३७४।३।१५ | तप्पा खेल मैदान निर्माण | ३४८ घ मि | ४९७ | ३०६२४ | माटो आपुर्ति र फिलिङ् |
| ३७४।३।१५ | जवलपुर खेल मैदान निर्माण | ३७२ घ मि | ४९७ | ३२७३६ | माटो आपुर्ति र फिलिङ् |
| ३७४।३।१५ | मुर्गाहुवा खेलमैदान निर्माण | ३७३ घ मि | ४९७ | ३२८२४ | माटो आपुर्ति र फिलिङ् |
| ११२।११।२८ | धनपति धामीको घर देखि मन्दिर सम्म बाटो ग्रावेल योजना | १५६ घ मि | १३५४ | १८७२० | ग्रावेल आपुर्ति र कम्प्याक्सन |
| १४६।१२।२२ | सगुनी बोहोराको घरदेखि नरायणपुर जोड्ने बाटव ग्रावेल | ४०० घ मि | १३५४ | ४८००० | ग्रावेल आपुर्ति र कम्प्याक्सन |
| २५०।२।३ | नगरपालिका परिसरमा माटो फिलिङ | ८६१ घ मि | १०२० | १०३३२० | ग्रावेल आपुर्ति र फिलिङ |

| | | |
|---|---|---|
| जम्मा | २६६२२४।०० | |
| | प्रमाण पेश नगरेको | २,६६,२२४ |

८७ **बढी भुक्तानी** - सडक विभागले जारी गरेको Norms for Rate Analysis as per Standard Specification for Road and Bridge works को बुदा न १२०२ मा ३०० घन मिटर सवबेसको कार्य गर्दा ३८४ घन मिटर ग्रावेल आवश्यक पर्ने उल्लेख छ । पालिकाले यो वर्ष निम्नानुसार कार्य उपभोक्ता समिति मार्फत गर्दा सो कार्यको लागि आपुर्ति भएको ग्रावेलको परिमाण अनुसार हुने सबबेसको कार्य भन्दा बढि सबबेसको कार्य गरेको देखाएको देखियो । मुअकर सहित ग्राभेल प्रति घन मिटर रू १२०।०० मा आपुर्ति भएको देखिन्छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लागत अनुमानकै दर भुक्तानी हुने र लागत अनुमानमा नर्मस अनुसारकै परिमाणको ग्रावेलको राखी दर विश्लेषण गरिएको हुने हुदा नर्मस अनुसारकै ग्रावेल खरिद तथा खपत भएको हुनु पर्दछ । तसर्थ खरिद भएको ग्रावेलको परिमाणको आधारमा हुने सबबेसको कार्य भन्दा बढी देखाएको परिमाण र सोको भुक्तानी सम्बन्धमा एकिन गरी बढि भुक्तानी सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनु पर्दछ ।

| भौ न मिति | योजनाको नाम | ग्रावेल खरिद परिमाण घ मि | खरिद भएको ग्रावेल अनुसार हुने सबबेस परिमाण घ मि | भुक्तानी भएको सबबेस परिमाण घ मि | भुक्तानी दर प्रति घ मि | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १६७।१२।२४ | झिरौखा बन्निदेवीको घर देखि हर्क ब बुढाथोकीको घर सम्म बाटो ग्रावेल | २६४ | २०६ | २५९ | १२७७।०० | ६७६८१।०० |
| २८०।२।१६ | पतिराम कुश्मीको मेडिकल देखि शुकराज चौधरीको घर सम्म ग्रावेल | १८० | १४१ | १७५ | १२८६ | ४३७२४।०० |
| जम्मा | | | | | | १११४०५।०० |
| | | | | | असुल गर्नुपर्ने | १,११,४०५ |

८८ **ल्याव परीक्षणको फ्रिक्वेन्सी पालना नभएको** - Standard Specification of Road and Bridge works, 2073 को बुदा नं ५१० को टेवुल न ५.२ मा सडक तथा पुल सम्बद्द निर्माण कार्यको न्यूनतम परीक्षण संख्या तोकिएको छ। यसै मापदण्डले निर्माण कार्यको भुक्तानी गर्दा फ्रिक्वीन्सी अनुसारको परीक्षण पुरा भएको हुनुपर्ने व्यवस्था उल्लेख छ। जस अनुसार निर्माण कार्यको परिमाणको आधारमा ल्याव तथा अन्य परीक्षण गरी गुणस्तर सुनिश्चित गरेर मात्र निर्माण कार्यको भुक्तानी गर्नुपर्ने हुन्छ। पालिकाले यो वर्ष निर्माण गरिएका निर्माढ कार्यको नमुना परीक्षण गर्दा निम्नानुसार कार्यको ल्याव परिक्षण भएको प्रमाण संलग्न नभएकोले आवश्यक नियमानुसार नियन्त्रण भएको छ भन्न सकिने अवस्था देखिएन। उल्लिखित मापदण्डमा तोकिए अनुसार निर्माण कार्यको परीक्षण गरी गुणस्तर सुनिश्चत हुनु पर्दछ।

| योजनका नाम | कामको प्रकृति | कैफियत |
|---|---|---|
| लठुवा सडक कालोपत्रे | सव वेश १३४९ घन मिटर | फिल्ड डेन्सीटी टेस्ट रिपोर्ट संलग्न छैन |
| नँया बजार सडक ग्रावेल उ स | १२० घन मिटर कम्याक्सन | फिल्ड डेन्सीटी टेस्ट रिपोर्ट संलग्न छैन |
| पथराम चौधरीको घर देखि शेर बहादुर चन्दको घर सम्म ग्रावेल उ स | ५४५ घन मिटर कम्याक्सन | फिल्ड डेन्सीटी टेस्ट रिपोर्ट संलग्न छैन |
| धनपति धामीको घर देखि मन्दिर सम्मको बाटो निर्माण उ स | १२२ घन मिटर कम्प्याक्सन | फिल्ड डेन्सीटी टेस्ट रिपोर्ट संलग्न छैन |

८९ **अनुगमन** - सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७९ को बुदा न १२ माअनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नु पर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्दि गराउनु पर्दछ।

| क्र स | स्रोत | संचालित योजनाहरु | बजेट खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | संघ समपुरक अनुदान | नगर रिङरोड निर्माण | ० | |
| | | वडा न ५ र ७ जोड्ने डोगडा नदिमा पक्कि पुल निर्माण | ८५०३७७९।०० | |
| | जम्मा | | ८५०३७७९।०० | |
| २ | संघ विशेष अनुदान | घोडाघोडी क्षेत्रमा धर्मशाला निर्माण | ९१३२९९७।०० | दोस्रो खण्डको पे फ ७ लाख र पहिलो खण्डको रू ८४३२९९७।०० समेत । |
| | | डम्पिङ साइट निर्माण | १३५००००।०० | |
| | जम्मा | | १०४८२९९७।०० | |
| ४ | प्रदेश समपुरक अनुदान | लठुवा सडकमा कालोपत्रे | ४५८१९२३।०० | |
| | | राजिरेक्चा लिफ्ट सिचाई योजना वडा न २ | ४२८५८९०।०० | |
| | जम्मा | | ८८६७८१३।०० | |
| | प्रदेश बिशेष अनुदान | सीमथरी कौवा पक्की पुल निर्माण | ६९९९१८९।०० | |
| | | पहलमानपुर ढल निकास योजना | २४४०१२७।०० | |
| | जम्मा | | ९४३९३१६।०० | |

९० **गत वर्षको भुक्तानी दिन बाँकी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १२ मा बजेटतर्जुमा गर्दा प्रचलित कानून बमोजिम सृजित दायित्वको लेखाजोखा गर्नु पर्ने र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को बुदा न ४.१.५ मा बजेट अनुमान गर्दा गत वर्षको भुक्तानी दिन बाकी दायित्वको लागि आवश्यक बजेट अनुमान गरे पश्चात मात्र अन्य पुजिगत कार्यक्रमको लागि बजेट अनुमान गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष गत वर्षको भुक्तानी दिन बाकी शिर्षकमा एकमुष्ठ रू ४ करोड राखि व्ययको अनुमान गरिएको छ । गत वर्षको भुक्तानी दिन बाँकी योजनाहरुको सूची तयार गरी यथार्थ रकम रकम एकिन गरेर बजेट तयार गर्नुपर्नेमा एकमुष्ठ रकम राखु उचित देखिएन । आगामी वर्षको लागि समेत दिर्घकालिन अवधिको लागि दायित्व सृजना हुने गरी कार्यक्रम तथा योजना छनौट गर्दा दिगो विकास हुने रोजगारमूलक प्रकृतिका आयोजना छनौट गर्नु पर्ने साना साना योजनाहरु छनौट गरी सोको लागि थोरै

रकम विनियोजन गर्ने र अधुरो योजनाको रुपमा आगामी वर्ष समेतसोही साना योजनाहरुमा बजेट निरन्तर विनियोजन गर्न लगाउने प्रवृत्तिले बजेट खर्च उत्पादनमूलक नहुनुका साथै नयाँ नीति तथा कार्यक्रमको कार्यान्वयनमा समेत प्रभाव परेको देखीयो । अत यस प्रकारको बजेट व्यवस्थापनमा नियन्त्रण कायम हुनु पर्दछ ।

९१ **पेश्की बैङ्क जमानतको म्याद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीबाट जमानत लिई सम्झौता रकमको २० प्रतिशत सम्म पेश्की उपलब्ध गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कार्यको लागि कार्यालयसँग सम्झौता भएकोमा निर्माण व्यवसायीलाई बाकी रहेको पेश्की रकमको नियमानुसार पेश्कीको बैङ्क जमानत पेश भएको हुनु पर्नेमा लेखा परीक्षण हुदाको अवस्थामा जमानतको म्याद थप भएको नदेखिएकोले म्याद थप भएको जमानत पेश गर्नु पर्दछ अन्यथा असुल गर्नु पर्ने रू

| योजनाको नाम | निर्माण व्यवसायीको नाम | पेश्की बाकी रकम | पेश्की जमानतको म्याद |
|---|---|---|---|
| लठुवा सडकमा कालोपत्रे | मंगलाशैनी विल्डर्स एण्ड सप्लायर्स | १३२१९००।०० | २०२३ जुन १३ |
| वडा न ३ कार्यालय भवन निर्माण | मेल्टा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १००००००।०० | २०२३ जुलाई २७ |
| | | प्रमाण पेश नगरेको | २३,२१,९०० |

९२ **असान्दर्भिक भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६४ को दफा १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने तथा नियम ९ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा अन्य कुराको अतिरिक्त सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका अन्य कुरा समेत विचार गर्नु पर्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको स्ट्याण्डर्ड विडिङ डकुमेण्टमा तयार गरेको वि ओ क्यूको फर्मेटमा निर्माण कार्यको लागि लाग्ने प्रत्यक्ष खर्च तथा पिएस अन्तर्गत बीमा र ल्याब परीक्षण वापत हुने खर्चलाई समावेस गरिएको देखिन्छ। निर्माण कार्यको तेस्रो पक्षको बीमा गर्नुपर्ने भनि ऐन नियम तथा तथा विडिङ डकुमेण्टमा उल्लेख भएको देखिएन। पालिकाले यो वर्ष निम्नानुसार निर्माण कार्यको योजनामा तेस्रो पक्षको बीमा वापतको रकम बि ओ क्यू तथा सम्झौतामा राखी भुक्तानी भएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनु पर्दछ।

| क्र स | योजनाको नाम | निर्माण व्यवसायीको नाम | तेस्रो पक्ष बीमा बापत भएको भुक्तानी |
|---|---|---|---|
| १ | घोडघोडी क्षेत्रमा धर्मशाला निर्माण पहिलो खण्ड | मालिका मष्टा निर्माण सेवा | ६३०२०।०० |
| २ | घोडाघोडि बहुमुखी क्याम्पस छात्रावास भवन निर्माण | जयन्ति कन्स्ट्रक्सन | १५७६३।०० |

| | | | |
|---|---|---|---|
| ३ | श्री दशरथ मा वि भवन निर्माण | स्टक्टिफर्म भट्टराई बिल्डर्स जेभी | २३९१७।०० |
| ४ | प्रशासकीय भवन कार्यालय भवन निर्माण | स्काई एम एस केजिएम | २५०००।०० |
| जम्मा | | | १२७७००।०० |
| | | असुल गर्नुपर्ने | १,२७,७०० |

९३ **पेश्की** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ७४ मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फस्यौंट हुनु पर्दछ । कार्यालयले यो वर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फस्यौंट नभएकोले नियमानुसार पेश्की फस्यौंट हुनुपर्दछ ।

| क्र.सं. | गो. भौ . नं . र मिति | पेश्की लिनेको नाम | पेश्की | | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| | | | यस आर्थिक वर्षको पेश्की (म्याद ननाघेको) | गत वर्षको पेश्की अल्या | |
| १ | २( २०७९।०४।०१ ) | मुखिया- धनिराम चौधरी | ० | ३००००० | ३००००० |
| २ | १( २०७९।०४।०१ ) | चादनी कन्स्ट्रक्सन | ० | ९९२६९६ | ९९२६९६ |
| ३ | २( २०७९।०४।०१ ) | के स / तेडी / मणिलेक जे . भी . | ० | २४००००० | २४००००० |
| ४ | २( २०७९।०४।०१ ) | कालिजेल निर्माण सेवा | ० | ८०००० | ८०००० |
| ५ | २( २०७९।०४।०१ ) | देब सिंह/ अन्जु जे . भि . | ० | १४००००० | १४००००० |
| ६ | २( २०७९।०४।०१ ) | पारभति निर्माण सेवा | ० | ३००००० | ३००००० |
| ७ | २( २०७९।०४।०१ ) | पारभति निर्माण सेवा | ० | ७००००० | ७००००० |
| ८ | २( २०७९।०४।०१ ) | मसिना धनलक्ष्मी जे. भि . | ० | ९९२४६० | ९९२४६० |
| ९ | ४०( २०७९।०८।११ ) | मंगलासेन बिल्डर्स उण्ड सप्लायर्स | ८२१९१० | ० | ८२१९१० |
| १० | ४५( २०७९।०८।१९ ) | मंगलासेन बिल्डर्स उण्ड सप्लायर्स | ५००००० | ० | ५००००० |
| ११ | ५४( २०७९।०९।०५ ) | श्रीस्थान निर्माण सेवा प्रा. लि . | ३५०००० | ० | ३५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | ६५( २०७९।०९।१८ ) | मेल्टा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि . | १०००००० | ० | १०००००० |
| १३ | ७५( २०७९।१०।०५ ) | सावणे कन्स्ट्रक्सन | १६०००० | ० | १६०००० |
| १४ | ८०( २०७९।१०।२४ ) | श्रीस्थान निर्माण सेवा प्रा. लि . | ४४०००० | ० | ४४०००० |
| १५ | १२२( २०७९।११।२९) | धुर्वतारा/ नेत्र जे . भि . | २९५०००० | ० | २९५०००० |
| १६ | १७५( २०७९।१२।२८) | धुर्वतारा/ नेत्र जे . भि . | ५८००००० | ० | ५८००००० |
| १७ | ७९( २०७९।०३।२१ ) | ओम मस्टा कन्स्ट्रक्सन प्रा. लि . | ८००००० | ० | ८००००० |
| १८ | २१८( २०७९।०३।२३) | मैगलासैनी बिल्डर्स एण्ड सप्लायर्स | १३५०००० | ० | १३५०००० |
| १९ | ८०( २०७९।०३।२४ ) | रामारोशन निर्माण सेवा | ८००००० | २००००० | १०००००० |
| २० | १( २०७९।०४।१ ) | दरख माध्यामिक विद्यालय हरिनगर | ० | २००००० | २००००० |
| २१ | १( २०७९।०४।१ ) | पहलमानपुग मेमोरियल मावि | ० | २००००० | २००००० |
| २२ | १( २०७९।०४।१ ) | बाल ज्योती आवि जहरी | ० | ४८८००० | ४८८००० |
| २३ | १( २०७९।०४।१ ) | मालिका प्राथमिक विद्यालय | ० | २००००० | २००००० |
| २४ | १( २०७९।०४।१ ) | रामावि तारानगर | ० | २००००० | २००००० |
| २५ | १( २०७९।०४।१ ) | राष्ट्रिय मावि नकफोडुवा | ० | २००००० | २००००० |
| २६ | १( २०७९।०४।१ ) | वालविकास आधारभूत विद्यालय | ० | २००००० | २००००० |
| २७ | १( २०७९।०४।१ ) | श्री सिताकुण्ड मावि गणेशपुर | ० | २००००० | २००००० |
| २८ | १( २०७९।०४।१ ) | आरती चौधरी | ० | ६०००० | ६०००० |
| २९ | २( २०७९।०४।१ ) | एक्सपर्टस पोइन्ट एण्ड रिसर्च सेन्टर प्रालि | ० | ४७१२१० | ४७१२१० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | २( २०७९।०४।१ ) | एक्सपर्टस पोइन्ट एण्ड रिसर्च सेन्टर प्रालि | ० | ४७१२१० | ४७१२१० |
| ३१ | २( २०७९।०४।१ ) | एभरेष्ट बैंक लि | ० | ८००० | ८००० |
| ३२ | २( २०७९।०४।१ ) | कण्ठेश्वर आवि | ० | ३००००० | ३००००० |
| ३३ | २( २०७९।०४।१ ) | कालिका मावि खल्लाखेत | ० | ७००००० | ७००००० |
| ३४ | २( २०७९।०४।१ ) | घोडाघोडी नपा | ० | १०९१८७.१९ | १०९१८७ |
| ३५ | २( २०७९।०४।१ ) | जनचेतना समाज नेपाल | ० | १३२००० | १३२००० |
| ३६ | २( २०७९।०४।१ ) | जनज्योती आवि | ० | ५०००० | ५०००० |
| ३७ | २( २०७९।०४।१ ) | ज्योति लाइफ इन्स्योरेन्स क. लि . | ० | २८४००० | २८४००० |
| ३८ | २( २०७९।०४।१ ) | तारा कुमारी चौधरी | ० | ५०००० | ५०००० |
| ३९ | २( २०७९।०४।१ ) | द रोयल युवा क्लब | ० | ४०००० | ४०००० |
| ४० | २( २०७९।०४।१ ) | धनिराम चौधरी | ० | ६२००० | ६२००० |
| ४१ | २( २०७९।०४।१ ) | नेपाल विद्युत प्राधिकरण | ० | १००००० | १००००० |
| ४२ | २( २०७९।०४।१ ) | प्रेम बहादर सुनार | ० | ५००० | ५००० |
| ४३ | २( २०७९।०४।१ ) | प्रमोद चौधरी | ० | २७०० | २७०० |
| ४४ | २( २०७९।०४।१ ) | प्रमोद चौधरी | ० | १०००० | १०००० |
| ४५ | २( २०७९।०४।१ ) | पहलमानपुर आधारभूत स्वास्थ्य सेवा केन्द्र | ० | २००००० | २००००० |
| ४६ | २( २०७९।०४।१ ) | बसन्तु चौधरी | ० | ५०९७५ | ५०९७५ |
| ४७ | २( २०७९।०४।१ ) | बाल विकास आ वि | ० | १६००००० | १६००००० |
| ४८ | २( २०७९।०४।१ ) | बालकल्याण आवि | ० | ३००००० | ३००००० |
| ४९ | २( २०७९।०४।१ ) | मेरी आमा | ० | ३५००० | ३५००० |
| ५० | २( २०७९।०४।१ ) | मेलघट्टी मावि जनकपुर | ० | १५०००० | १५०००० |
| ५१ | २( २०७९।०४।१ ) | मेलघट्टी मावि | ० | १००००० | १००००० |
| ५२ | २( २०७९।०४।१ ) | मालिका प्रावि | ० | १००००० | १००००० |
| ५३ | २( २०७९।०४।१ ) | रामावि देउकलिया | ० | ७००००० | ७००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | २( २०७९।०४।१ ) | राम प्रसाद चौधरी | ० | ३७५००० | ३७५००० |
| ५५ | २( २०७९।०४।१ ) | राष्ट्रिय मावि नकफोडुवा | ० | ३००००० | ३००००० |
| ५६ | २( २०७९।०४।१ ) | राष्ट्रिय मावि नकफोडुवा | ० | ४००००० | ४००००० |
| ५७ | २( २०७९।०४।१ ) | राष्ट्रिय मावि सुखड | ० | ७००००० | ७००००० |
| ५८ | २( २०७९।०४।१ ) | राष्ट्रिय मावि सुखड | ० | ११००००० | ११००००० |
| ५९ | २( २०७९।०४।१ ) | राष्ट्रिय मावि सुखड | ० | ५०००००० | ५०००००० |
| ६० | २( २०७९।०४।१ ) | लक्ष्मी विकास बैंक | ० | ७२००० | ७२००० |
| ६१ | २( २०७९।०४।१ ) | लक्ष्मी विकास बैंक | ० | ३५२०० | ३५२०० |
| ६२ | २( २०७९।०४।१ ) | लक्ष्मी विकास बैंक | ० | ३२०० | ३२०० |
| ६३ | २( २०७९।०४।१ ) | वडातडो आवि | ० | १००००० | १००००० |
| ६४ | २( २०७९।०४।१ ) | वालविकास आवि | ० | २००००० | २००००० |
| ६५ | २( २०७९।०४।१ ) | विष्णु प्रसाद चौधरी | ० | १००००० | १००००० |
| ६६ | २( २०७९।०४।१ ) | श्री जनज्योती आवि सिमथरी | ० | १३००० | १३००० |
| ६७ | २( २०७९।०४।१ ) | दशरथ मावि विद्यालय | ० | ७०००००० | ७०००००० |
| ६८ | २( २०७९।०४।१ ) | दशरथ मावि विद्यालय | ० | १००००००० | १००००००० |
| ६९ | २( २०७९।०४।१ ) | दशरथ मावि विद्यालय | ० | १२२९६०६ | १२२९६०६ |
| ७० | २( २०७९।०४।१ ) | दशरथ मावि विद्यालय | ० | ८०४७००० | ८०४७००० |
| ७१ | २( २०७९।०४।१ ) | नभप्रभाव आवि माधि | ० | १३००० | १३००० |
| ७२ | २( २०७९।०४।१ ) | बडातडो आवि | ० | १२६०००० | १२६०००० |
| ७३ | २( २०७९।०४।१ ) | मलधट्टी मावि जनकपुर | ० | १३००० | १३००० |
| ७४ | २( २०७९।०४।१ ) | मोहन्याल आवि | ० | ९९००० | ९९००० |
| ७५ | २( २०७९।०४।१ ) | राष्ट्रिय मावि सुखड | ० | ४२००००० | ४२००००० |
| ७६ | २( २०७९।०४।१ ) | राष्ट्रिय मावि सुखड | ० | ८०००००० | ८०००००० |
| ७७ | २( २०७९।०४।१ ) | राष्ट्रिय मावि सुखड | ० | १००००००० | १००००००० |
| ७८ | २( २०७९।०४।१ ) | राष्ट्रिय मावि रामपुर | ० | १८०००० | १८०००० |
| ७९ | २( २०७९।०४।१ ) | राष्ट्रिय मावि रामपुर | ० | १०८०००० | १०८०००० |
| ८० | २( २०७९।०४।१ ) | राष्ट्रिय मावि रामपुर | ० | १७००० | १७००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८१ | २( २०७९।०४।१ ) | लालिगुरास आवि गोडाखेडा | ० | १३००० | १३००० |
| ८२ | २( २०७९।०४।१ ) | लालिगुरास आवि गोडाखेडा | ० | ५०००० | ५०००० |
| ८३ | २( २०७९।०४।१ ) | सिताकुण्ड मावि गणेशपुर | ० | ४५३१३ | ४५३१३ |
| ८४ | २( २०७९।०४।१ ) | सिताकुण्ड मावि गणेशपुर | ० | १८००० | १८००० |
| ८५ | २( २०७९।०४।१ ) | सुखड सामुदायिक सिकाइ केन्द्र | ० | ३९००० | ३९००० |
| ८६ | २( २०७९।०४।१ ) | सुखड सामुदायिक सिकाइ केन्द्र | ० | २२००० | २२००० |
| ८७ | २( २०७९।०४।१ ) | सनराइज बैंक लि | ० | २४००० | २४००० |
| ८८ | २( २०७९।०४।१ ) | सनराइज बैंक लि | ० | १२००० | १२००० |
| ८९ | २( २०७९।०४।१ ) | समाज विकासमा गतिशिलता | ० | ७८०००० | ७८०००० |
| ९० | २( २०७९।०४।१ ) | होम प्रसाद रिजाल | ० | १००००० | १००००० |
| ९१ | २( २०७९।०४।१ ) | होम प्रसाद रिजाल | ० | ५७३१०.४ | ५७३१० |
| ९२ | २( २०७९।०४।१ ) | होम प्रसाद रिजाल | ० | ९०००० | ९०००० |
| ९३ | ३( २०७९।०४।१ ) | राम प्रसाद चौधरी | ० | १८०००० | १८०००० |
| ९४ | ३( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | १२७५००० | १२७५००० |
| ९५ | ३( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | २९५०००० | २९५०००० |
| ९६ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | २९५०००० | २९५०००० |
| ९७ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | ३७५०० | ३७५०० |
| ९८ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | १५००० | १५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९९ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | ५१००० | ५१००० |
| १०० | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | १२५०० | १२५०० |
| १०१ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | १३७५०० | १३७५०० |
| १०२ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | १८७५० | १८७५० |
| १०३ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | ३७५०० | ३७५०० |
| १०४ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | ५०००० | ५०००० |
| १०५ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | १७५०० | १७५०० |
| १०६ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | ५७५०० | ५७५०० |
| १०७ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | १२५०० | १२५०० |
| १०८ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | २२७५० | २२७५० |
| १०९ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | १२५०० | १२५०० |
| ११० | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | १२५०० | १२५०० |
| १११ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | १२५००० | १२५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११२ | ४( २०७९।०४।१ ) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ० | ५००० | ५००० |
| ११३ | २( २०७९।०४।१ ) | कैवा कैलाशपुर कल्भर्ट निर नाली निर्माण उ स | ० | २००००० | २००००० |
| ११४ | २( २०७९।०४।१ ) | खेलकुद मैदान निर्माण घेरवार उ स | ० | २५०००० | २५०००० |
| ११५ | २( २०७९।०४।१ ) | जरही कटान खानेपानी उ स | ० | ६९३००० | ६९३००० |
| ११६ | २( २०७९।०४।१ ) | डोडा नदि तटबन्धन निर्माण उ स | ० | ३५०००० | ३५०००० |
| ११७ | २( २०७९।०४।१ ) | बुलबुले बहुमुखी क्याम्पसमा खानेपानी धारा उ स | ० | ७०२०० | ७०२०० |
| ११८ | २( २०७९।०४।१ ) | मर्मत सम्भार तथा सडक स्तरोन्नति उ स | ० | १६५००० | १६५००० |
| ११९ | २( २०७९।०४।१ ) | शान्तिनगर डोडा नदि तटशबन्धन | ० | २५०००० | २५०००० |
| १२० | २( २०७९।०४।१ ) | शान्तिनगर पानी निकास | ० | १२५००० | १२५००० |
| १२१ | २( २०७९।०४।१ ) | सामुदायिक भवन निर्माण वडा नं. १ | ० | १३०००० | १३०००० |
| जम्मा | | | १४९७१९१० | ८६३४५२६८ | १०१३१७१७८ |

प्राप्त उल्लिखित पेश्की बाँकीको विवरण समावेश भएको गत विगत वर्षमा पेश्कीको रुपमा भुक्तानी भएको दशरथ मा विलाई रू २ करोड ६२ लाख ७६ हजार ६०६ र राष्ट्रिय मा वी सुखडलाई रू २ करोड ९० लाख देखियो र यो वर्ष सम्म कुनै पेश्की फस्यौंट भएको छैन। तसर्थ लामो समय पेश्की बाँकी देखिदा जोखिम बढ्दै जाने भएकोले सोको प्रभावकारी अनुगमन गरी पेश्की फछ्यौंट ध्यान जानु पर्दछ ।

---

९४ **निशर्त अनुदान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी हुनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार कलेज संचालन गर्न अनुदान भुक्तानी दिइएको देखियो। अनुदान परिचालनको कुनै मापदण्ड तोकिएको नदेखिनुका साथै उक्त अनुदानको अपेक्षित प्रतिफल समेत तोकिएको देखिएन । साथै सो अनुदान कलेज संचालनको उद्देश्य पुरा गर्न उपयोग भएको पुष्टि हुने कागजात पेश नभएकोले खर्चको विवरण र तथा प्रमाणहरु पेश हुनु पर्दछ।

| क स | कलेजको नाम | अनुदान रकम |
|---|---|---|
| १ | बुलबुले बहुमुखी क्याम्पस | २० लाख |
| २ | घोडाघोडी बहुमुखी क्याम्पस | १० लाख |
| ३ | राष्ट्रिय कलेज | १० लाख |
| जम्मा | | ४० लाख |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,००,००० |

९५ **पोसाक भत्ता भुक्तानी** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धि व्यवस्था छ । ऐनमा स्थानीय तहका पदाधिकारीहरु तथा सदस्यहरुलाई पोसाक सम्बन्धि सुविधाको व्यवस्था गरेको छैन । पालिकाले २२ जना पदाधिकारी तथा सदस्यहरुलाई रु.२०२७०।०० को दरमा रु.४४५९४०।०० पोसाक भत्ता भुक्तानी दिएको छ। अतः ऐनले तोकेको भन्दा बढी सुविधा भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९६ **जरिवाना भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने तरीकाले खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले महशुल भुक्तानीमा तथा दस्तुरमा अबिलम्ब दस्तुर भुक्तानी गरेको छ। यसरी बजेटको व्यवस्था भएको अवस्थामा जरिवाना भुक्तानी गर्ने कार्य नियमसम्मत नभएकोले नियमित गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | जरिवाना रकम | वापत |
|---|---|---|
| १६९-२०७९।११।१२ | १९१८ | विद्युत |
| १८२-२०७९।११।१७ | १३३२ | विद्युत |
| २१६-२०७९।१२।१४ | ६५५ | विद्युत |
| २२०-२०७९।१२।१६ | ९५३ | विद्युत |
| २५४-२०८०।१।५ | ८५४ | विद्युत |
| २५५-२०८०।१।५ | ४१३१ | विद्युत |
| २६१-२०८०।१।७ | ३९९ | विद्युत |
| २६३-२०८०।१।८ | २४५०० | सवारी साधन नविकरण |
| २६५-२०८०।१।१० | ४५०० | विद्युत |

| | | |
|---|---|---|
| २६५-२०८०।२।१८ | ४३०६ | विद्युत |
| **जम्मा** | ४३५४८ | |

| | |
|---|---|
| अनियमित भएको | ४३,५४८ |

९७ **वितरणकारी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा निश्चित लक्ष्य तथा मापदण्ड तोकी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष निम्नानुसार विभिन्नखेलकुद क्लव तथा मेला कार्यक्रममा लक्ष्य मापदण्ड नतोकी रू ६ लाख ८८ हजार भुक्तानी गरेको छ। यस प्रकृतिको खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार बढ्दै जाने भएकोले यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क स | विवरण | खर्च रकम |
|---|---|---|
| १ | जेसिस राष्ट्रिय सम्मेलन | २५०००।०० |
| २ | गौरा पर्व संचालन तथा व्यवस्थापन | ७००००।०० |
| ३ | जन प्रतिनिधिहरुको पोशक खर्च भुक्तानी | ४१८०००।०० |
| ४ | थारू समुदायको धार्मिक सांस्कृतिक मौलिक पर्व लिवाङ्गी पुजा खर्च | १७५०००।०० |
| ५ | हरियाली फुटवल क्लब | ९५०००।०० |
| ६ | सनसाइन युवा क्लव | १०००००।०० |
| ७ | घोडाघोडी उद्योग वाणिज्य संघ सांगितिक महोत्सव | ३५००००।०० |
| जम्मा | | ६८८०००।०० |

९८ **सफ्टवेयको प्रयोग** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्य समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्षको अन्त्य सम्म निम्नानुसार सफ्टवेयरहरु विभिन्न तरिकाले प्राप्त हुन आएकोमा गत वर्ष महिला विकास शाखाको लागि खरिद गरिएको अपाङ्ग परिचय पत्र व्यवस्थापन सफ्टवेयर तथा आर्थिक वर्ष २०७७।७८ मा योजना शाखाको लागि खरिद गरिएको योजना व्यवस्थापन सफ्टवेयर र जिन्सी शाखाको लागि खरिद गरिएको जिन्सी व्यवस्थापन सफ्वटवयेर प्रयोगमा आएको देखिएन । खरिद गरिएका सफ्टवेयरहरु प्रयोगमा ल्याउनु पर्दछ।

| सफ्टवेयरको नाम | प्राप्ति भएको वर्ष | प्रयोग हुने शाखा | प्राप्तिको स्रोत | खरिद रकम | संचालनमा रहे नहेको |
|---|---|---|---|---|---|
| VERSP-MIS | २०७१।७२ | पंजिकरण शाखा | नेपाल सरकार | हस्तान्तरण | रहेको |
| एकिकृत सम्पत्ति कर | २०७३।७४ | राजस्व शाखा | खरिद | ७९७७८।०० | रहेको |
| आय लेखा | २०७३।७४ | राजस्व शाखा | खरिद | ७९७७८।०० | रहेको |
| COPOMIS | २०७५।७६ | सहकारी शाखा | सयकारी विभाग | हस्तान्तरण | रहेको |
| DHIS 2 | २०७५।७६ | स्वास्थ्य शाखा | नेपाल सरकार | हस्तान्तरण | रहेको |
| ELMIS | २०७५।७६ | स्वास्थ्य शाखा | नेपाल सरकार | हस्तान्तरण | रहेको |
| PMEP | २०७५।७६ | रोजगार शाखा | नेपाल सरकार | हस्तान्तरण | रहेको |
| IEMIS | २०७६।७७ | शिक्षा शाखा | नेपाल सरकार | हस्तान्तरण | रहेको |
| SUTRA | २०७६।७७ | लेखा शाखा | नेपाल सरकार | हस्तान्तरण | रहेको |
| GEMIS | २०७७।७८ | मेडपा कार्यक्रम | नेपाल सरकार | हस्तान्तरण | रहेको |
| PAMS | २०७७।७८ | जिन्सी शाखा | नेपाल सरकार | हस्तान्तरण | रहेको |
| DRC GIS | २०७८।७९ | भूमि ईकाइ | नेपाल सरकार | हस्तान्तरण | रहेको |
| योजना व्यवस्थापन प्रणाली | २०७७।७८ | योजना शाखा | खरिद | २५००००।०० | नरहेको |
| जिन्सी व्यवस्थापन प्रणाली | २०७७।७८ | जिन्सी शाखा | खरिद | २५००००।०० | नरहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| MIS | २०७८।७९ | महिला विकास शाखा | खरिद | २५००००।०० | नरहेको |
| PAYROLL | २०७८।७९ | लेखा शाखा | नेपाल सरकार | हस्तान्तरण | रहेको |
| BRMS | २०७९।८० | स्वास्थ्य शाखा | नेपाल सरकार | हस्तान्तरण | रहेको |
| EHRRIS | २०७९।८० | स्वास्थ्य शाखा | खरिद | ५०००००।०० | रहेको |
| SORMAS | २०७९।८० | स्वास्थ्य शाखा | नेपाल सरकार | हस्तान्तरण | रहेको |

९९ **डी पि आर निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले निम्नानुसार डिपिआर वापत यो वर्ष रू ३८ लाख ३८ हजार खर्च भएको देखियो। पालिकाबाट डीपिआर भई लागत अनुमान लगायतका कार्य भृको निम्नानुसार सुकटी काडा पुल निर्माणको यो वर्ष निर्माण कार्य शुरु भएको देखिएन। कार्यान्वयन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वयनमा नआउदा मुल्य वृद्दि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वयन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नु पर्दछ।

| आ व २०७८।७९ | | | |
|---|---|---|---|
| डिपिआर भएको कार्य | तयार गर्ने फर्मको नाम | भुक्तानी रकम | ठेक्का भए नभएको |
| Detail cost estimate of Detailed Survey,Soil investigation,Detailed Designand cost estimate of Rcc bridge at sukti kada bridge of ghodaghodimunicipality along ghodaghodi ringroad ghodaghodimunicipality-2 & 6,Kailali | | | नभएको |
| आ व २०७९।८० | | | |
| डोडा नदिक्षेत्रमा तटवन्धन सहितको डम्पिङ साईटनिर्माण योजना | ए एण्ड एईन्जियरीङ्ग कन्सल्टेन्सी | १९९९९७४ | |

| | | | |
|---|---|---|---|
| राजि रेक्चा लिफट सिचाई योजना | श्री स्पिड बिल्डर्स एण्ड कन्स्लटेस प्रालि काठमाडौ नेपाल | ४९७२०० | |
| गणेशपुर र रतिपुर जोडने पुल वडा न. ४ र ९ | पेशो कन्स्लटयान्ट प्रा लि सङ्खमुल काठमाडौ | १३३९०५० | |
| जम्मा | | ३८३५७२४ | |

१०० **मु अ कर कट्टि** - मुल्य अभिवृद्दि कर नियमावली, २०५३ को नियम ६ग मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवाको मुल्य वा रकम भुक्तानी गर्दा भुक्तानी गरिने मु अ कर रकमको ३० प्रतिशत कट्टि गरी सम्बन्धित भुक्तानी प्रास गर्ने व्यक्तिको नामबाट सम्बन्धित राजस्व शिर्षकमा राजस्व दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुरुप ३० प्रतिशत मु अ कर कट्टि गरि दाखिला गरेको नदेखिएकोले मु अ कर समायोजन पत्र पेश गर्नु पर्ने रू

| क्र.सं. | भौ न तथा मिति | मु अ कर भुक्तानी प्रास गर्ने व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको मु अ कर रकम | ३० प्रतिशत मु अ कर |
|---|---|---|---|---|---|
| १ | ६।६।११ | जे पी निर्माण सेवा | कालिका मन्दिरमा सिचाई बोरिङ निर्माण जडान | ४६६२० | १३९८६ |
| २ | २३।६।१३ | जि बी कन्स्ट्रक्सन | वडा न ३ कार्यालय भवनको घेरवार | ३३६५९ | १००९८ |
| ३ | ९१।११।४ | न्यू होराइजन कम्प्युटर्स | ल्यापटप डेक्सटप आदी | ७०८६० | २१२५८ |
| ४ | ७६।११।६ | थ्याङ्क यु विजनेस | ल्यापटप कम्प्युटर्स | १६७९६ | ५०३८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ७८।१०।६ | थ्याङ्क यु विजनेस | अफिस तथा निर्माण सामान | ८५५२७ | २५६५८ |
| ६ | ८०।१०।२५ | एस कम्प्युटर्स | ए सी खरिद | ११४९२० | ३४४७६ |
| ७ | ८२।१०।२५ | न्यू कुमारी कन्स्ट्रक्सन | जे सि भी द्वारा माटो फिलिङको काम | ६४२०१ | १९२६० |
| ८ | ८३।१०।२५ | न्यू कुमारी कन्स्ट्रक्सन | जे सि भी द्वारा माटो फिलिङको काम | ४४९२७ | १३४७८ |
| ९ | १३९।१२।१६ | जे आर ट्रेडिङ् | डेस्कटप कम्प्युटर्स | ३९४६० | ११८३८ |
| १० | २५०।२।३ | देवसिंह निर्माण सेवा | नगपालिका परिसरमा माटो फिलिङ् | ११४१११ | ३४२३३ |
| ११ | २८२।२।११ | आर बी निर्माण सेवा | सडक ग्राभेल गर्ने काम | ८०३९७ | २४११९ |
| १२ | ३३८।२।३० | बुटुका बाबा निर्माण सेवा | वडा न ४ को भजाहर कल्भर्ट निर्माण | ५४९३० | १६४७९ |
| १३ | ३५१।२।३१ | ठकुल्ला निर्माण सेवा | वडा न १ मा भावना बोहोराको घर देखि चर्च सम्म पक्की वाल निर्माण | २२४५० | ६७३५ |
| १४ | ३७६।३।१४ | त्रिपुरा ट्रेड एण्ड कम्प्युटर | एसी तथा टिभी स्टेबलाइज | ८०७१७ | २४२१५ |
| १५ | ३७०।३।१४ | आयुष निर्माण सेवा | ल्यापटप प्रिन्टर | ११४७९० | ३४४३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | ३७०।३।१४ | एल एल बि फर्निचर उद्योग | सोफा सेट | ३४४५० | १०३३५ |
| १७ | ३७०।३।१४ | एल वि कम्प्युटर सेवा | ल्यापटप खरिद | २०८०० | ६२४० |
| १८ | ४६८।३।२३ | हिमाल ईलेक्ट्रिक एण्ड ईलेक्ट्रोनिक्स | विद्युतीय सामानहरु | २६२०४ | ७८६१ |
| १९ | ४७९।३।२४ | सिटी कम्प्युटर एण्ड ईलेक्ट्रोनिक्स | ल्यापटप खरिद | ३२१८९ | ९६५६ |
| २० | ४८०।३।२४ | आइटि केयर हाउस | ल्यापटप मोनिटर खरिद | ३४५०१ | १०३५० |
| २१ | ४८२।३।२४ | एस एस ईन्फोटेक | कम्प्युटरजन्य सामान | ११४४० | ३४३२ |
| २२ | ४९७।३।२४ | न्यू मा जालपादेवी सप्लायर्स | फर्निचर अफिस | ११४९५२ | ३४४८६ |
| २३ | ४९७।३।२४ | गौरिगंगा फर्निचर सप्लायर्स | काउण्टर टेवल फर्निचर | ११४९१३ | ३४४७४ |
| २४ | ४९८।३।२४ | एस एस ईन्फोटेक | कम्प्युटरजन्य सामाग्री | १०५३० | ३१५९ |
| २५ | ४९८।३।२४ | एस कम्प्युटर एण्ड सप्लार्यस | ए सी जडान | ३०५५० | ९१६५ |
| २६ | ५०२।३।२४ | केदारनाथ हार्डवेयर एण्ड सप्लायर्स | विटुमिन पेनेट्रोमिटर | ७१३२७ | २१३९८ |
| २७ | ५०४।३।२४ | जी एण्ड जे निर्माण सेवा | वडा न ३ मा प्रिमिक्स कार्पेटिङ | ५४४८६ | १६३४६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | ५०४।३।२४ | एन एल जी कन्स्ट्रक्सन | वडा न २ मा प्रिमिक्स कार्पेटिङ | ५९२८५ | १७७८६ |
| २९ | ११।६।१२ | नेश्नल कम्प्युटर | कम्प्युटर जन्य सामाग्री | ६८८६३ | २०६५९ |
| ३० | ४४३।३।२० | चन्द फर्निचर उद्योग | | ११४९७३ | ३४४९२ |
| ३१ | ४४३।३।२० | गुरुवा कुदुदन काष्ठ फर्निचर उद्योग | | ११४६०२ | ३४३८१ |
| ३२ | ४४३।३।२० | न्यू नवदुर्गा कालिका सप्लायर्स | | ११४९४० | ३४४८२ |
| जम्मा | | | | २०१३३७० | ६०४०११ |
| | | | | प्रमाण पेश नगरेको | ६,०४,०११.७ |

१०१ **सुरक्षित नागरिक आवास** - सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधि २०७५ को बुदा ५(७) र ५(८) मा क्रमस पहिलो किस्ता वापत ६० प्रतिशत र दोस्रो किस्ता बापत ४० प्रतिशत रकम उपलव्ध गराउनु पर्ने व्यवस्था छ । सोही अनुसार यस पालिकाको लागि छनौट भएका लाभग्राही संख्या २३९ को लागि प्रति लाभग्राही पचास हजारका दरले अनुदान दिने व्यवस्था भएको देखिन्छ । लेखापरीक्षणको लागि पेश भएको विवरण अनुसार गत वर्ष सम्म निम्नानुसार ७० जानाले दुबै किस्ता प्राप्त गरेको देखियो भने यो वर्ष २३९ ले पहिलो किस्ता प्राप्त गरेको देखिन्छ । जस अनुसार यो वर्षको अन्त्य सम्म ४४ समेत ११४ जनाले दुबै किस्ता प्राप्त गरेका छन । वडा न १ र ९ का १२५ जना लभाग्राहीहरुले अझै सम्म दोस्रो किस्ता वापतको अनुदान प्राप्त गर्न सकेको देखिएन । अत १२५ जना लभाग्राहीहरुलाई दोस्रो किस्ता बापत हुने रू २९४६३७५।०० भुक्तानी गरी कार्यक्रम सम्पन्न गर्नु पर्दछ। १२५ जनालाई भुक्तानी भएको पहिलो किस्ता वापतको रू २९४६३७५।०० उपयोगमा आउन सकेको छैन। बनेका संरचना उद्देश्य अनुरुप भएको वा हुने प्रकृतिको भए नभएको समेत पालिकाबाट अनुगमन गरी अनुदानको प्रभावकारिता बढाउनु पर्दछ।

| वडा नं. | सम्झौता भएका लाभग्राही | पहिलो वापत भुक्तानी हुने रकम | दोस्रो किस्ता वापत भुक्तानी | गत वर्ष सम्म वितरीत अनुदान | | यो वर्ष पहिलो किस्ता प्राप्त गर्ने लाभग्राही | यो वर्ष दोस्रो किस्ता प्राप्त गर्ने | अझै सम्म पहिलो किस्ता | अझै सम्म दोस्रो किस्ता |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो किस्ता | दोस्रो किस्ता | | | | |

| | | | हुने रकम | प्राप्त गर्ने लाभग्राही | प्राप्त गर्ने लाभग्राही | | | नपाएको लाभग्राही | नपाएको लाभग्राही |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १४२ | २६४२९ | २३५७१ | १४२ | ५६ | ० | १७ | ० | ६९ |
| ९ | ९७ | २६४२९ | २३५७१ | ९७ | १४ | ० | २७ | ० | ५६ |
| | २३९ | | | २३९ | ७० | | ४४ | | १२५ |

१०२ **छाडा चौपाया व्यवस्थापन**- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ मा स्थानीय स्तरमा वातावरण संरक्षण गर्ने तथा पशु स्वास्थ्य व्यवस्थापनको भूमिका तोकिएको छ । पालिकाले आफ्नो क्षेत्रका सडकमा छाडिएका चौपायको संरक्षण तथा व्यवस्थापन गर्न एक समिति गठन गरिएको छ । उक्त समितिलाई सहयोग गर्न ५ जना हेरालोहरु तथा पशु आहारा समेत निम्नानुसार कार्यमा यो वर्ष रू ८८५९११।०० खर्च भएको छ । गत वर्ष असार मसान्तमा ३४० चौपाया बाकी रहेको देखिन्छ । चौपायको उपजलाई व्यवस्थित गरी सोबाट प्राप्त रकमबाट धान्न सकिने गरी चौपाया व्यवस्थापन गर्न पालिकाको ध्यान जानु पर्दछ ।

१०३ **सोझै परामर्श सेवा खरिद**- सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियम ७२ अनुसार रू २० लाख भन्दा बढिको परामर्श सेवा सोझै खरिद गर्न सकिने अवस्था देखिदैन । पालिकाले यो वर्ष भुमि आयोग अन्तर्गतको कार्य जग्गा नाप नक्सा गर्ने तथा नियन्त्रण विन्दु स्थापना गर्ने कार्यको लागि निम्नानुसार ४ परामर्शदातालाई रू २४ लाख भुक्तानी भएको देखियो । तसर्थ सम्भावित प्याकेज बनाई खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्थामा ४ परामर्शदाता संग अलग अलग सम्झौता गरी खरिद गरेको कार्य नियमित हुनु पर्दछ ।

| **क स** | **परामर्शदाताको नाम** | **सम्झौता रकम** |
|---|---|---|
| १ | जि.पि.एस. टेक्नोलोजीज् प्रा.ली | ६०००००।०० |
| २ | न्यु प्लानेट इन्जिनियरिङ सर्भिसेज इन्जिनियरीङ | ६०००००।०० |
| ३ | पिनाकल इन्जिनियरिङ्ग सोलुसुन एण्ड कन्सलटेन्सी सर्भिसेज प्रा.ली. | ६०००००।०० |
| ४ | राघवी ईन्जिनियरिङ सर्भिसेज प्रा.ली | ६०००००।०० |
| | जम्मा | **२४०००००।००** |

| | |
|---|---|
| अनियमित भएको | २४,००,००० |

१०४ **विपद व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सार्वजनिक खर्चमा एकरुपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन खर्चको मापदण्ड तोक्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न १४० जनालाई विपद व्यवस्थापन वापत रू १६ लाख ९९ हजार उपलव्ध गराई खर्च लेखिएको देखियो । विपद व्यवस्थापन वापत उपलव्ध गराइने निर्णयलाई बढि बस्तुनिष्ट र मापदण्डमा आधारित बनाउनु पर्दछ ।

१०५ **परामर्श सेवाको भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी गर्दा खरिद सम्झौतामा उल्लिखित कार्यसम्पादन सूचकाङ्कको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले आवधिक योजना निर्माणको लागि आहवान गरिएको सूचनामा प्रस्तावदाता सँग वातावरण विज्ञानमा स्नातकोपाधि हासिल न्यूनतम पाँच वर्षको कार्यानुभव भएको एकजना वातावरणविद हुनुपर्ने उल्लेख छ। सोही अनुसार प्रस्तावदाताले सोको लागि रू २१००००।०० प्रास्ताव गरेको देखियो । तर प्रस्तावदाताबाट उल्लिखित विषय विज्ञता भएको कागजात पेश भएका देखिएन । परामर्शदाता सँग उक्त विषय विज्ञता भएको प्रमाण पेश हुनु पर्दछ अन्यथा असुल हुनु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१०,००० |

१०६ **आर्थिक सहयता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सार्वजनिक खर्चमा एकरुपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन खर्चको मापदण्ड तोक्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न १८१ जनालाई आर्थिक सहयता वापत रू २२ लाख ७४ हजार ७१२ उपलव्ध गराई खर्च लेखिएकोमा २६ प्रतिशत रकम विभिन्न ७० जनालाई आर्थिक सहयता पालिका प्रमुखको तोक आदेशको आधारमा उपलव्ध गराएको देखियो । सहायता उपलव्ध गराइने निर्णयलाई बढि बस्तुनिष्ट र मापदण्डमा आधारित बनाउनु पर्दछ ।

१०७ **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले खरिद गरिने परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, नियम ७२ मा प्राप्त प्रस्तावको आर्थिक तथा प्रावधिक पक्षको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष ५ वर्षे आवधिक योजना निर्माण कार्य परामर्श सेवाबाट गरेकोमा लागत अनुमान तयार नगरी मौजुदा सुचीका ३ परामर्शसेवा प्रदायकबाट आर्थिक प्रस्ताव मात्र माग गरी न्यूनतम प्रस्तावदाता आकांक्षा ट्रेनिङ एण्ड रिसर्च सेन्टर प्रा.ली.बाट उक्त परामर्श सेवा रू.१९६३३७५।०० मा खरिद गर्नेगरी मिति २०८०।०१।२७ सम्झौता गरेको देखियो । परामर्श सेवामा प्रावधिक पक्षको मूल्याङ्कन अत्यावश्यक हुने तर पालिकाले उक्त पक्षको मुल्याङ्कन नगरी आर्थिक पक्षलाई मात्र मूल्याङ्कनमा समावेश गराउने कार्य नियमानुसार भएको देखिएन । तसर्थ प्राविधिक पक्षको मूल्याङ्कन नगरी स्वीकार गरिएको परामर्शदाताबाट गुणस्तरीय सेवा प्राप्त भएको अवस्था सुनिश्चित हुन सकिएन। खरिदमा सम्बन्धित कानूनको पालना गर्नु पर्दछ।

१०८ **सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री** - स्थानीय सरकार संचालन ऐन २०४७ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ।

त्यसै गरी वन ऐन २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ । लेखापरीक्षणको क्रममा पालिका अन्तर्गत सामुदायिक वन उपभोक्ता समितिहरुले उपरोक्त व्यवस्था अनुसार पालिकाबाट वार्षिक कार्य योजना स्वीकृत गर्ने गरेको अवस्था छैन । वन पैदावार संकलन तथा व्यवस्थापन सम्बन्धमा भएको कानुनी व्यवस्था भन्दा फरक गरी गरिएको कार्यको सम्बन्धमा सामुदायिक वन उपभोक्ता समितिको तालुक निकाय संग सेमत सहकार्य गरी उपभोक्ता समितिबाट भएको वन पैदावार विक्री रकमको १० प्रतिशतले हुने रकम पालिकामा जम्मा गर्नु पर्दछ।

---

१०९ **नदि जन्य पदार्थमा रोयल्टी** - पालिका अन्तर्गतका नदीहरुबाट नदिजन्य पदार्थ उत्खनन् गर्ने उद्देश्यले गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा २२१११६ घन मिटर उत्खनन गर्न मिल्ने उल्लेख भएकोमा पछी संशोधन गरी १७१००० घन मिटर कायम गरेको छ । पालिकाले सोही परिमाणलाई आधार ठेक्का आहवान गरेकोमा कर्णाली निर्माण सेवासंग रू ३ करोड ६७ लाख २५ हजारमा १७१०० नदिजन्य पदार्थ उत्खनन् गर्ने गरी ठेक्का सम्झौता भएको छ र सोहि अनुसार रोयल्टी असुल भएको छ ।तर पालिकाले यो वर्ष यस पालिका क्षेत्र तोकिएका नदिहरुबाट के कति नदिजन्य पदार्थ उत्खनन हुन बाकी रहेको सम्बन्धमा केहि उल्लेख गरिएको छैन। के कति नदिजन्य पदार्थ उत्खनन हुन बाकी रहेको सो समेत अनुगमन गरी उत्खनन भएको परिमाण सुनिश्चित गर्नु पर्दछ।

---

११० **दुविधायुक्त कानुनी व्यवस्था** - सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८ मा प्रदेश भित्रको माटो ढुङ्गा गिटी बालुवा र दहत्तर बहत्तरको संकलन प्रदेशले तोकेको दरमा स्थानीय तहले कर संकलन गर्ने र संकलित उक्त करको ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गरी सोको विवरण आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। स्थानीय तहले त्यसरी कर संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२क मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा गिटि वालुवा एवम् माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्री वापत प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष ढुंगा गिटी वालुवा वापत संकलन गरेको रू३ करोड २५ लाख ५२ हजार ४६४ समेत रू ७ करोड ८४ लाख ४३ हजार २९७ संकलन गरेको उल्लिखित कानूनी द्विविधाले गर्दा उक्त रकम प्रयोग नगरी स्थानीय विभाज्य कोषमा मौज्दात बाँकी राखेको देखियो। कानुनी व्यवस्थाहरु एक आपसमा बाझिने गरी बनाएको अवस्थाले प्रदेश आर्थिक ऐन कार्यान्वयन हुन सकेको देखिएन। कानूनी व्यवस्थामा आवश्यक सुधार ल्याउनु पर्दछ।

---

१११ **विज्ञापन कर** - नेपालको संविधानको अनुसूची ९ को बुदाँ नं. ४ मा विज्ञपन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरश्चिम प्रदेश आर्थिक ऐन, २०७९ को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन २०७९ मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको

देखिएन । त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युट्युव ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन । समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुला समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ।

---

११२ **मालसमान तथा उपकरण खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ। नमुनाको रुपमा परीक्षण गर्दा पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन। गुणस्तरीय उपकरण तथा मालसामान खरिद भएको सुनिश्चतता हुनु पर्दछ।

| क्र स | खरिद गरिएका सामानको विवरण | आपुर्तिकर्ताको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | कम्प्युटरजन्य सामाग्री | नेशनल कम्प्युटर | ५९८५८१ |
| २ | ल्यापटप डेक्सटप आदी | न्यू होराइजन कम्प्युटर्स | ६१५९३६ |
| ३ | ल्यापटप कम्प्युटर्स | थ्याङ्क यु विजनेस | १४६००० |
| ४ | डेस्कटप कम्प्युटर्स | जे आर ट्रेडिङ | ३४३०००. |
| ५ | ल्यापटप प्रिन्टर | आयुष निर्माण सेवा | ९९७७९०. |
| ६ | ल्यापटप खरिद | एल वि कम्प्युटर सेवा | १८०८००. |
| ७ | ल्यापटप खरिद | सिटी कम्प्युटर एण्ड ईलेक्ट्रोनिक्स | २९७८००. |
| ८ | ल्यापटप मोनिटर खरिद | आइटि केयर हाउस | २९९८९९. |
| **जम्मा** | | | ३४७९८०६ |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: घोडाघोडी नगरपालिका, कैलाली।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिपक कुमार आचार्य | २०७९-४-१ | २०८०।९।१७ |
| कार्यालय प्रमुख | शिव सिंह भण्डारी | २०८०-९-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरिश चन्द्र धामी | २०७८-९-२६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,५८९,८७४ | १३,३४२,९१८ | ९,९५६,६८८.२४ | ० | ० | ० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | २९,८८९,४८०.२४ |
| प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी सम्परीक्षण भएको रकम रु. | | | | | २६८,६७५ |
| सम्परीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | २९,६२०,८०५.२४ |

स्थानीय तह : घोडाघोडी नगरपालिका, कैलाली ।

| गत बर्षको जिम्मेवारी | | ३९२६७३३१०.७६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६३७०१७४७३ | चालु खर्च | ५३६०५९१४३.४२ |
| प्रदेश सरकारबाट अनुदान | २९९४७९०४ | पूँजीगत खर्च | ३४६२९९९६२ |
| राजश्व बाँडफाँट | १४४६६६१५९.६४ | वित्तीय/अन्य व्यवस्था | ३४७७४०९३५.४७ |
| आन्तरिक आय | २९७०५१५६.८५ | | |
| अन्य आय | २९९६५२०५९.१९ | | |
| कुल आय | ११४०९८८७५२.६८ | कुल खर्च | १२३०१०००४०.८९ |
| बाँकी मौज्दात | | ३०३५६२०२२.५५ | |